पोखराको पर्यटनका लागि 'सडक र हवाई कनेक्टिभिटी'... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक २१० • २०८२ साल पुस १४ गते सोमबार (29 December, Monday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## कृषि क्षेत्रका जनशक्ति संकट र प्रभाव

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशको कृषि विकासमा मेरुदण्ड मानिएको कृषि अनुसन्धान निर्देशनालय परवानीपुर हाल गम्भीर जनशक्ति संकटबाट गुज्रिरहेको छ । संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहत रहेको यस कार्यालयमा दरबन्दी अनुसारका वैज्ञानिक र प्राविधिक नहुँदा कृषि नवप्रवर्तन र अनुसन्धानका कार्यहरू नराम्ररी प्रभावित भएका छन् ।



वैज्ञानिकको अभावः निर्देशनालयमा १७ जना वैज्ञानिकको दरबन्दी रहे पनि हाल जम्मा ३ जना मात्र कार्यरत छन् । माटो विज्ञान, बागवानी, माछापालन, र पशु चिकित्साजस्ता महत्त्वपूर्ण क्षेत्रका विज्ञहरूको अभाव छ।

समग्र कर्मचारी अवस्थाः कुल ७६ जनाको दरबन्दीमा २२ जना मात्र कार्यरत छन् । विशेष गरी अधिकृत तहका १८ प्राविधिक दरबन्दीमध्ये १५ पद रिक्त रहेका छन् ।

अनुसन्धानमा अवरोधः विज्ञहरूको अभावले नयाँ जातको विकास, रोगव्याधि नियन्त्रण, र प्रविधि परीक्षण जस्ता कार्यहरू सुस्त बनेका छन् ।

सीमित स्रोत र साधनका बाबजुद निर्देशनालयले उपलब्ध जनशक्तिबाटै अधिकतम नतिजा निकाल्ने प्रयास गरिरहेको छ । निर्देशनालयको ९० बिघा जग्गा पूर्ण सदुपयोग गरिएको छ, जहाँ उन्नत बिउबिजन उत्पादन, मुर्रा भैंसी तथा बोयर बाख्रा पालन र माछाका भुरा उत्पादन भइरहेका छन्। यहाँ उत्पादित बिउ र माछाका भुराको माग स्थानीय किसानहरू माझ निकै उच्च छ।

तराई-मधेशलाई 'अन्नको भण्डार' मानिए पनि अनुसन्धान केन्द्र नै जनशक्तिविहीन हुनुले दीर्घकालीन कृषि उत्पादकत्वमा प्रश्न खडा गरेको छ। मन्त्रालयले आगामी फागुन सम्ममा द्रुत प्रक्रियाबाट कर्मचारी पदपूर्ति गर्ने तयारी गरे पनि, समयमै दक्ष जनशक्ति व्यवस्थापन नभए जलवायु परिवर्तनका चुनौती र आधुनिक कृषिको मागलाई सम्बोधन गर्न कठिन हुने देखिएको छ।

जनशक्ति अभाव दीर्घकालीन समस्या बन्दै गएको निर्देशक यादवले बताए । उनले कर्मचारी आवश्यकता सम्बन्धी अध्ययन भइरहेको र फागुन २१ गतेको निर्वाचनअघि नै द्रुत प्रक्रियाबाट कर्मचारी पदपूर्ति गर्ने तयारी मन्त्रालयस्तरबाट भएको जानकारी आएको बताए।

### जसपा नेपाल र लोसपा नेपालबीच एकीकरण

## सोमबार पार्टी एकताको घोषणा हुने, मधेश प्रदेश सरकारमाथि राजनीतिक संकट

टुडे समाचारदाता

जनकपुरधाम । उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी(जसपा) नेपाल र महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा ) नेपाल बीच एकता गर्ने सहमति भएको छ।

सहमति पत्रमा जसपा नेपालका अध्यक्ष यादव र लोसपा नेपालका अध्यक्ष ठाकुरले संयुक्त रुपमा हस्ताक्षर गरेका छन् ।

काठमाण्डुमा आइतबार राति जसपा नेपाल र लोसपा नेपाल बीच एकता गर्ने सहमति भएको छ । जसपा नेपालबाट नै अलग भएर ठाकुरले लोसपा नेपाल गठन गरेका थिए।

वर्तमान राजनीतिक परिस्थितिको मूल्यांकन र विश्लेषण गरेर एकता गरिएको निर्णयमा बताइएको छ।



संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीलाई संस्थागत गर्दै संघीयता, पहिचान, समानुपातिक समावेशिता, सामाजिक न्याय लगायतको अग्रगामी परिवर्तनका मुद्दाहरुलाई मजबुत गर्दै न्यायपूर्ण समाज निर्माण गर्ने आवश्यकतालाई आत्मसात गरी एकीकरणको निर्णय भएको बताइन्छ।

दुवै पार्टीका पदाधिकारीहरुको काठमाण्डुमा आइतबार बसेको संयुक्त बैठकबाट देशको वर्तमान राजनीतिक परिस्थितिको मूल्यांकन तथा विश्लेषण गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीलाई संस्थागत गर्दै संघीयता, पहिचान, समानुपातिक समावेशिता, सामाजिक न्यायलगायतको अग्रगामी परिवर्तनका मुद्दाहरुलाई मजबुत गर्दै न्यायपूर्ण समाज निर्माण गर्ने आवश्यकतालाई आत्मसात गरी जसपा, नेपाल र लोसपा नेपाल पार्टी एकीकरण गर्ने निर्णय गरिएको जारी गरिएको सहमति पत्रमा उल्लेख छ।

पार्टी विभाजन अघि समाजवादी पार्टी रहेको थियो। तर दुबै शीर्ष नेताबीच सैद्धान्तिक मतैक्यता नहुँदा पार्टी अलग भएपछि महन्थ ठाकुरले लोकतान्त्रिक समाजवादी पार्टी नेपाल र यादव नेतृत्वमा जनता समाजवादी पार्टी नेपाल गठन गरिएको थियो । सहमति अनुसार दुबै पार्टीको नाम जसपा नेपाल नै रहने छ भने कार्यकारी अधिकारसहितको अध्यक्षमा यादव नै रहने छन् भने सम्मानित नेताको रुपमा ठाकुर रहने स्रोतले बताएको छ।

सम्भवतः सोमबार पार्टीको आधिकारिक नाम र पदाधिकारीसहित केन्द्रीय समितिसमेत घोषणा गरिने जनाइएको छ।

जसपा नेपाल र लोसपा नेपालबीचको एकीकरणले मुर्तरुप पाएपछि मधेश प्रदेशको राजनीतिमा व्यापक उथलपुथल हुने भएको सम्भावना देखिन्छ।

जसपा नेपाल र लोसपा नेपालको एकीकरणपछि मधेश प्रदेशमा नेकपा एमालेभन्दा पनि ठूलो दलको रुपमा उदाउने छन् । एमालेको २५ सांसदमध्ये एकजना निलम्बनमा परेपछि २४ जना सांसद छन् भने कांग्रेसको २२, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी गरी नेकपाको १६, जनमत पार्टीको १३ लगायतका सांसदहरु रहेका छन् ।

यसरी मधेश प्रदेशमा अहिलेको सत्ता समीकरणमा समेत प्रतिकूल असर पर्ने सम्भावना बढेको राजनीतिज्ञहरु बताउन थालेका छन् ।

भदौ २३-२४ गते भएको जेन-जी आन्दोलनपछि नेकपा माओवादी केन्द्र र नेकपा एसबीच भएको एकीकरण पछि मुलुकमा तीव्ररुपमा राजनीतिक परिवर्तन भएको छ । सोही अनुसार जेन- जी आन्दोलनको आधारमा रास्वपा र काठमाण्डुका मेयर बालेन साहबीच सहमति भएपछि प्रतिनिधिसभालाई लिएर विभिन्न खाले टिकाटिप्पणी हुन थालेको छ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनलाई लिएर आफ् नो अस्तित्व जोगाउनका लागि भए पनि राजनीतिक दलहरु एकता, एकीकरण तथा सहकार्यतर्फ बढी जोड घटाउमा लागेको छन् । तर यस एकीकरण तथा सहकार्यलाई जनताले कसरी हेरिरहेको छ भन्ने कुरा निर्वाचन पछि नै थाहा हुने राजनीतिक विश्लेषलकहरुले टिप्पणी गर्न थालेका छन् ।

## बालेनसंग रास्वपाको सात बुँदे सहमति

टुडे समाचारदाता

काठमाण्डु । कुलमान घिसिङ नेतृत्वको उज्यालो अभियान नेपालको सहमति बीच नभए पनि राष्ट्रिय स्वतन्त्र पार्टी र काठमाण्डु महानगरपालिकाका मेयर बालेन्द्र शाह (बालेन) बीच सात बुँदे सहमति भएको छ । जस अनुसार बालेन्द्र साह रास्वपामा प्रवेश गर्नेछन् र आगामी प्रतिनिधिसभा निर्वाचनमा प्रधानमन्त्रीको उम्मेदवार बन्ने छन्।



आफू दलीय राजनीतिमा प्रवेश गर्नु अघि बालेनले विभिन्न नेताहरूसँग छलफल गरेका थिए । मधेश केन्द्रित वैकल्पिक दल जनमत पार्टीका अध्यक्ष डा. सीके राउत, नागरिक उन्मुक्ति पार्टी नेपालका संस्थापक रेशम चौधरी, निवर्तमान सांसद डा. अमेरशकुमार सिंह, सामाजिक अभियन्ता सुरेन्द्र चौधरी लगायतसँग पनि बालेनले बैठक गरेका थिए । उज्यालो नेपाल पार्टीका संरक्षक ऊर्जामन्त्री घिसिङ्संग पनि बालेन र रास्वपा सभापति रवि लामिछानेले छलफल गरेका थिए।

तर तीन दिनको घनीभूत वार्तापछि बालेन र रास्वपाबिच मात्रै एकताको सहमति भयो । मधेश केन्द्रित दलहरूसँग भने मधेशको एजेन्डामा कुरा नमिल्दा सहकार्य हुन नसकेको बताइन्छ।

जनमत पार्टीका अध्यक्ष राउतले मेयर शाहले आफूलाई एकताका लागि आग्रह गरेको तर आफूहरू त्यसको पक्षमा नरहेको बताए। उनले कार्यगत एकता वा सहकार्यका लागि अझै समय रहेको बताए।

राउतले भने, 'रवि र बालेन मधेसको एजेन्डामा अलि स्पष्ट देखिनुभएको छैन । हिजो भएको सम्झौतामा पनि त्यो कुरा स्पष्ट छैन। त्यस्तोमा एकताको कुरा झन् सम्भव छैन।'

नागरिक उन्मुक्ति पार्टी नेपालका उपाध्यक्ष अब्दुल खानले आफ्नो पार्टीका संरक्षक रेशम चौधरीले कुराकानी गरेको तर एजेन्डामा कुरा नमिलेकाले अगाडि नबढेको बताए। वैकल्पिक शक्ति बनाउने कुरा भएपनि मधेसबारे स्पष्ट एजेण्डा नहुँदा कुरा अगाडि नबढेको उनले बताए। यद्यपि सहकार्यको सम्भावना बाँकी नै रहेको उनको भनाइ छ।

रास्वपा सभापति लामिछाने र मेयर शाहसँग बैठक गरेका विघटित प्रतिनिधिसभा सदस्य डा. अमरेशकुमार सिंहले मधेशको मुद्दामा स्पष्ट नभएका कारण अहिल्यै सहकार्य हुन नसकेको बताए। रास्वपा र बालेनबीचको सम्झौतामा मधेश र संघीयताबारे उच्चारण नै नभएकाले आशंका उत्पन्न गराएको सिंहले बताए।

तराई मधेश लोकतान्त्रिक पार्टीका अध्यक्ष वृषेशचन्द्र लालले रास्वपा र बालेनबीचको सम्झौताले मधेशको हकमा विभिन्न आशंका उब्जाएको बताए।

जनता समाजवादी पार्टी नेपालका महासचिव रामकुमार शर्माले त रास्वपा-बालेन सम्झौतालाई प्रतिगामी नै भनेका छन् । सात बुँदे सम्झौतामा संघीयता, समानुपातिक समावेशिता र गणतन्त्रको शब्द पनि उचार नगरेको भन्दै उनले यो सम्झौता जनयुद्ध, जनआन्दोलन र मधेश आन्दोलनको भावना विपरीत रहेको टिप्पणी गरेका छन्।

## सवारी दुर्घटना न्यूनीकरणका लागि अभियान

टुडे समाचारदाता

जनकपुरधाम । सवारी दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरीले अभियान सञ्चालन गरेको छ।



नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयले तयार गरी मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधाम धनुषाबाट स्वीकृत गरिएको "सडक दुर्घटना विरुद्ध युवा-२०८२ कार्य योजना" बमोजिम रौतहट जिल्लामा सवारी दुर्घटना न्यूनीकरणका लागि विशेष अभियान सञ्चालन गरिएको छ।

सोही कार्ययोजना अनुसार रौतहट जिल्लाअन्तर्गत पूर्व-पश्चिम राजमार्गको धनसर पुलदेखि बाग्मती पुलसम्म तथा चन्द्रनिगाहपुरदेखि गौर जाने सडक खण्डको बाल्चनपुर एरियासम्म रातिको समयमा हुस्सु तथा कुहिरोका कारण हुने सवारी दुर्घटनालाई कम गर्ने उद्देश्यले रिफ्लेक्ट स्टिकर टाँस्ने कार्य गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटले जनाएको छ।

सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुर रौतहटबाट प्राप्त विभिन्न रङका करिब ३५० फिटसम्म रिफ्लेक्ट स्टिकरहरू इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर र जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुर रौतहटको संयुक्त सहकार्यमा उक्त सडक खण्डमा रहेका पुल, कल्भर्ट, साइन बोर्ड, डिभाइडर लगायतका जोखिमयुक्त स्थानहरूमा टाँसिएको प्रहरीले जनाएको छ।

रातिको समयमा कुहिरोका कारण दृश्यता कम भई सवारी चालकलाई सडकको अवस्था पहिचान गर्न कठिन हुने भएकाले रिफ्लेक्ट स्टिकर प्रयोगले सवारी चालकलाई समयमै संकेत प्राप्त हुने र सम्भावित दुर्घटना न्यूनीकरणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

ट्राफिक प्रहरीका अनुसार यस किसिमको सचेतनामूलक तथा प्रविधिमैत्री पहलले सवारी सुरक्षा प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेल्ने छ ।आगामी दिनमा पनि स्थानीय तह, सरोकारवाला निकाय तथा नागरिकसँग सहकार्य गर्दै सडक सुरक्षासम्बन्धी यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिइने जनाएको छ।



# राहत माग्दै बुझाइयो ज्ञापनपत्र



**टुडे समाचारदाता**

रौतहट । रौतहट जिल्लाका सबै १८ वटै पालिका तथा वडास्तरमा बसोबास गर्ने गरिब, दलित तथा विपन्न वर्ग चिसोको बढ्दो प्रभावका कारण गम्भीर समस्यामा परिरहेको भन्दै दलित संघर्ष समिति रौतहटले राहतको माग गर्दै जिल्ला प्रशासन कार्यालय गौरमा ज्ञापनपत्र बुझाएको छ ।

> बढ्दो चिसोका कारण जनजीवन र दैनिकी अत्यन्त कष्टकर बनेको भए पनि केन्द्र, प्रदेश तथा स्थानीय सरकार तथा सम्बन्धित निकाय मौन बसेको आरोप लगाउँदै समितिले तत्काल राहतको व्यवस्था गर्न ज्ञापन पत्र मार्फत माग गरेको हो ।

बढ्दो चिसोका कारण जनजीवन र दैनिकी अत्यन्त कष्टकर बनेको भए पनि केन्द्र, प्रदेश तथा स्थानीय सरकार तथा सम्बन्धित निकाय मौन बसेको आरोप लगाउँदै समितिले तत्काल राहतको व्यवस्था गर्न ज्ञापन पत्र मार्फत माग गरेको हो ।

दलित संघर्ष समिति रौतहटका प्रतिनिधिहरू पुमित राम, सोनेलाल राम, अवद नारायण राम, उदय नारायण रामलगायतको उपस्थितिमा सहायक जिल्ला अधिकारी जितेन्द्र कुमार यादवमार्फत नेपाल सरकार, मधेस प्रदेश सरकार, स्थानीय सरकार तथा सरोकारवाला सबै निकायको ध्यानाकर्षण गराइएको छ ।

ज्ञापनपत्रमा चिसोबाट जोगिन गरिब तथा विपन्न दलित समुदायलाई लत्ता-कपडा, कम्बल, दाउरा तथा अन्य आवश्यक राहत सामग्रीको शीघ्र व्यवस्थापन गर्न माग गरिएको छ । समितिले समयमै राहत नपुगे अझ ठूलो मानवीय संकट निम्तिन सक्ने चेतावनी दिँदै सरकारसँग तत्काल कदम चाल्न आग्रह गरेको छ ।

सहायक सिडिओ यादवले ज्ञापन पत्र बुझ्दै माग सम्बोधन गराउन आफूले सक्दो प्रयास गर्ने प्रतिवद्धता जनाएको पुनीत रामले बताएका छन् । पछिल्लो एकसाता बढी देखी रौतहट लगायत सिंगो मधेश प्रदेशमा घाम नलागेर दिनभरी हुसु लाग्ने र सितलहर चलिरहेको कारण अत्यधिक चिसो बढेर जनजीवन प्रभावित बनेको छ ।

## एकीकृत परिवार योजना शिविर:
# सेवा छ, पुरुष सेवाग्राही छैनन्



काठमाण्डु । पायक पर्ने स्थानमा सञ्चालन हुने 'एकीकृत परिवार योजना शिविर'मा परिवार योजनाको स्थायी सेवा लिनेमा महिलाका तुलनामा पुरुष न्यून छन् । जिल्ला जनस्वास्थ्य /स्वास्थ्य कार्यालयले सम्बन्धित पालिका तहसँग समन्वय गर्दै सुनौलो परिवार नेपालको प्राविधिक सहयोगमा सञ्चालन गर्दै आएका त्यस्ता शिविरमा स्थायी 'मिनील्याप' सेवा लिने महिलाका तुलनामा 'भ्यासेक्टोमी' सेवा लिन पुरुषले कम रुचि देखाएका हुन् ।

गत मङ्सिर ८ गतेदेखि २६ गतेसम्म कैलालीका विभिन्न १० स्थानमा सञ्चालन गरिएका घुम्ती शिविरमा दुई सय ११ जनाले परिवार योजनाका स्थायी सेवा लिएका थिए । तीमध्ये एक सय ९३ महिलाले 'मिनील्याप' सेवा लिँदा आठ जना पुरुषले 'भ्यासेक्टोमी' सेवा लिएका थिए । जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख रमेश कुँवरका अनुसार यस्ता शिविरमा परिवार योजनाका सम्पूर्ण साधनहरूको सेवा निःशुल्क उपलब्धता हुन्छ । ती सेवाअन्तर्गत परिवार योजनाका स्थायी माध्यम 'मिनील्याप' (महिला बन्ध्याकरण), 'भ्यासेक्टोमी' (पुरुष बन्ध्याकरण), परिवार योजनाका लामो अवधि काम गर्ने आइयुसिडी, इम्प्लान्ट र छोटो अवधि काम गर्ने परिवार योजनाका साधन तीनमहिने सुई (डिपो), खानेचक्की पिल्स र कण्डम पर्दछन् ।

कार्यालयका परिवार नियोजन अधिकृत ओलटनारायण चापागाईंका अनुसार स्थायी बन्ध्याकरणपछि पुरुषलाई काम गर्न समस्या एवं अप्ठ्यारो हुन्छ भन्ने भ्रमलगायत कारणले बन्ध्याकरणमा पुरुषको रुचि कम हुने गरेको छ । गत आर्थिक वर्ष २०८१/८२ मा स्वास्थ्य कार्यालयले सञ्चालन गरेको शिविरमा दुई सय ४२ जनाले सेवा लिएकामध्ये महिला दुई सय २० र पुरुष २२ जना रहेको थिए ।

जिल्ला जनस्वास्थ्य कार्यालय रसुवाका वरिष्ठ जनस्वास्थ्य अधिकृत भमप्रसाद आचार्यका अनुसार नौकुण्ड गाउँपालिकाको पारच्याङ र कालिका गाउँपालिकाको जिबजिबेमा हालै सम्पन्न 'एकीकृत परिवार योजना शिविर'मा १९ जनामात्र सेवाग्राही रहेका थिए । तीमध्ये गत आव २०८१/८२ मा सुनौलो परिवार नेपालले सातवटै प्रदेशलाई समेट्नेगरी २८ जिल्लाका अतिदुर्गम दुई सय ८६ स्थानमा परिवार व्यवस्थापनअन्तर्गत एकीकृत परिवार योजना शिविर सञ्चालन गर्न सम्बन्धित स्वास्थ्य/जनस्वास्थ्य कार्यालयलाई प्राविधिक सहयोग गरेको थियो । ती शिविरमा १० हजार १९९ महिलाले 'मिनील्याप' र चार सय ९७ पुरुषले 'भ्यासेक्टोमी' सेवा लिएका थिए भने इम्प्लान्ट र आइयुसिडी सेवा लिनेको संख्या क्रमशः दुई सय १८ र २८ जना रहेका सुनौलो परिवार नेपालका उपनिर्देशक अनिल यादवले जानकारी दिनुभयो ।

**नयाँ ढाँचामा 'एकीकृत परिवार योजना शिविर' सञ्चालन**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, परिवार कल्याण महाशाखाले पछिल्ला वर्षहरूमा परिवार व्यवस्थापन सेवाअन्तर्गत विशेष गरेर एकीकृत परिवार योजना शिविर सञ्चालन गर्न सेवाप्रदायक सस्थासँग समन्वयात्मक र साझेदारी नीति अवलम्बन गरेको छ ।

जिल्ला जनस्वास्थ्य/स्वास्थ्य कार्यालयले पालिका तहसँग समन्वय गर्दै आफ्ना संयन्त्रमार्फत आवश्यक सेवाग्राही पहिचान गर्ने र परिवार व्यवस्थापन सेवा प्रदान गर्ने निकायले सेवाग्राहीलाई पायक पर्ने स्थानमै एकीकृत परिवार योजना शिविर सञ्चालनमा स्वास्थ्य कार्यालयलाई प्राविधिक सहयोग पुर्याउने समझदारीको ढाँचा रहेको परिवार योजना तथा प्रजनन स्वास्थ्य शाखाका प्रमुख शर्मिला दाहाल पौडेलले जानकारी दिनुभयो ।

उहाँल भन्नुभयो, "परिवार नियोजनका साधन तथा सेवाको प्रयोगदर बढाउन परिवार व्यवस्थापनका सेवालाई अझ सुदृढ बनाउन आवश्यक छ । विशेषगरी एकीकृत परिवार योजना शिविर सञ्चालनमा सेवाप्रदायक सस्थासँग थप सहकार्य र साझेदारीलाई समन्वयात्मक बनाउन जरुरी छ । हामीले स्वास्थ्य सङ्घीयताका ढाँचामा समन्वयात्मक काम गर्ने नीति अवलम्बन गरेका छौँ ।"

जनसाख्यिक तथा स्वास्थ्य सर्वेक्षण (२०२२) का अनुसार परिवार नियोजनका साधन तथा सेवाको प्रयोगदर ५३ प्रतिशतमा सीमित छ । आधुनिक परिवार योजना (नियोजन) सेवाको प्रयोगदर ४२.८ भन्दा माथि उक्लिन सकेको छैन । अझै प्रजनन उमेरका २३.७ महिलाले परिवार नियोजनको सेवा उपलब्ध गर्न पाएका छैनन् । अर्कातर्फ नेपालमा जन्मदर घट्नु र असुरक्षित गर्भपतन बढ्नु चिन्ताको विषय मानिएको छ ।

स्वास्थ्य मन्त्रालयका अनुसार नेपालका कुल ३५ प्रतिशत किशोरीको १८ वर्ष उमेर नपुग्दै र १० प्रतिशतको १५ वर्ष उमेरभित्र विवाह हुने गरेको छ । त्यसैगरी, विवाहको कानुनी उमेर २० वर्ष भए पनि ४१ प्रतिशत महिलाको १० देखि १८ वर्षको उमेरमा र ७६ प्रतिशतको २० वर्षको उमेरमा विवाह भएको पाइन्छ । नेपालमा १५-१९ उमेर समूहका १४ प्रतिशत किशोरी आमा वा गर्भवती भइसकेका हुन्छन् ।

परिवार योजना आवश्यक पर्ने दम्पती एवं अन्य महिलालाई लक्षित गरेर स्वास्थ्य मन्त्रालयले हरेक वर्ष निःशुल्क एकीकृत परिवार योजना शिविर सञ्चालन गर्दै आएको छ । परिवार व्यवस्थापन कार्यक्रमसहित शिविरका लागि कम लगानी गरिँदा परिवार योजना कार्यक्रम नै सङकटमा परेको छ । मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जिल्ला जनस्वास्थ्य/स्वास्थ्य कार्यालयले पालिका तहसँग समन्वय गर्दै आफ्ना संयन्त्रमार्फत परिवार योजना आवश्यक पर्ने सेवाग्राही पहिचान गर्ने र परिवार व्यवस्थापन सेवा प्रदान गर्ने निकायले सेवाग्राहीलाई पायक पर्ने स्थानमा एकीकृत परिवार योजना सेवा शिविर आयोजना गर्ने समझदारीका ढाँचामा सेवा प्रदान गर्ने नीति अवलम्बन गरिएको र यसबाट सेवाप्रवाह प्रभावकारी र चुस्त भएको जानकारी दिनुभयो ।

परिवार योजना एवं सुरक्षित गर्भपतन सेवा प्रदान गर्दै आएको मेरी स्टोप्स (एमएसआई) नेपालका वरिष्ठ सल्लाहकार केपी उपाध्याय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, परिवार कल्याण महाशाखाले परिवार व्यवस्थापन सेवाअन्तर्गत एकीकृत परिवार योजना शिविर सञ्चालनको 'मोडालिटी'ले विशेष गरेर विपन्न समुदायसम्म परिवार योजनाको सेवाको पहुँच पुर्याउने काम गरेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "हामी जिल्ला जनस्वास्थ्य/स्वास्थ्य कार्यालयले पालिका तहहरूसँग समन्वय र सहकार्यमा शिविर सञ्चालन गर्न प्राविधिक सहयोग गर्दछौँ । यसका लागि ती निकायसँग समझदारी गर्दछौँ । ग्रामीण क्षेत्रका गरिब, बिपन्न , सीमान्तकृत समुदायसम्म परिवार योजनाका सेवाको पहुँच पुर्याउन लागिरहेका छौँ । "

उहाँका अनुसार समझदारीमा कुन निकायले के सेवा प्रदान गर्ने भन्ने कुरा स्पष्ट उल्लेख गरिएका हुन्छन् । पालिका तहले आवश्यकताका आधारमा शिविर सञ्चालन गर्ने, स्थान छनोट गर्ने, यसका बारेमा सेवाग्राहीलाई घरदैलोमा नै पुगेर शिविरका बारेमा जानकारी दिने र सुनौलो परिवार नेपालका 'मेडिकल टिम'मार्फत सेवा प्रदान गर्ने अवधारणाले सेवा प्रदान भइराखेको वरिष्ठ सल्लाहकार उपाध्यायले जानकारी दिनुभयो । संस्थाले अहिले सातवटै प्रदेशलाई समेट्नेगरी नौवटा 'मेडिकल टिम' परिवार योजनाका शिविरमा परिचालन गरेको छ ।

स्वास्थ्य कार्यालय महोत्तरीका प्रमुख नवलकिशोर साह पछिल्ला समय साझेदारी ढाँचामा परिवार योजना शिविर सञ्चालन हुन थालेको र यसको प्रभावकारिता देखिएको जानकारी दिनुभयो । उहाँले यही पुस ४ गतेदेखि जिल्लाका १५ वटै पालिकाका ११ स्थानमा शिविर सञ्चालन गर्ने कार्यतालिका रहेको जानकारी दिनुभयो । उहाँका अनुसार यस्ता शिविरमा आठ सय ७४ जनालाई सेवा लिने लक्ष्य लिइएको छ । स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखाका निर्देशक डा मदनकुमार उपाध्याय परिवार व्यवस्थापनको सेवामा पहुँच पुर्याउन एकीकृत परिवार योजना शिविरमा सेवाग्राहीले आफूले चाहेका सेवा पायक पर्ने स्थानमा गुणस्तरीय रूपमा पाएका बताउनुहुन्छ ।

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा बुढाथोकी २० वर्षभन्दा कम उमेरमा विवाहलाई अन्त्य, परिवार योजनाका साधनमा पहुँच पुर्याउन, सुरक्षित गर्भपतन सेवालाई विस्तार र यौन तथा प्रजनन स्वास्थ्य चेतनामा अभिवृद्धि गर्न अझै पनि चुनौती रहेको औँल्याउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "परिवार योजनाका साधनमा पहुँच पुर्याउन, सुरक्षित गर्भपतन सेवालाई विस्तार गर्न संयुक्त सहकार्यलाई अझ सुदृढ बनाउन आवश्यक छ । यसका लागि मन्त्रालय सबै साझेदार निकायसँग थप सहकार्य र हातेमालो गर्न चाहन्छ ।"रासस

# नयाँ शैलीमा मानव बेचबिखन : सीमानाका जोखिममा



काठमाण्डु । भारतसँग जोडिएको खुला सीमा, प्रविधिको बढ्दो दुरुपयोग र आफन्तकै संलग्नताले यहाँ मानव बेचबिखन तथा ओसार पसारको जोखिमयुक्त क्षेत्र बन्दै गएको छ । मुख्य नाका गड्डाचौकीमात्र नभई वैकल्पिक तथा अवैध मार्गको प्रयोग बढ्दै जाँदा बेचबिखन नियन्त्रणमा चुनौती थपिएको छ ।

मानव बेचबिखनको स्वरूप समयक्रमसँगै बदलिँदै गएको र पछिल्लो समय वैदेशिक रोजगारीको प्रलोभन, नक्कली विवाह, पर्यटन तथा अनलाइनमार्फत हुने 'साइबर ट्राफिकिङ'का घटना बढ्दै गएको माइती नेपालका संयोजक महेश्वरी भट्टले बताउनुभयो । गरिबी, बेरोजगारी, सीपको कमी र सामाजिक सञ्जालको दुरुपयोगसँगै आफन्त र चिनजानकै व्यक्तिको संलग्नता बेचबिखनको मुख्य चुनौती बन्दै गएको छ । संयोजक भट्टका अनुसार खुला सीमा, प्रविधिमैत्री निगरानीको कमी, प्रमाण सङ्कलनमा कठिनाइ र मुद्दा प्रक्रियामा ढिलाइ मानव बेचबिखन नियन्त्रणका प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

"पीडित र परिवारकै मौनता तथा उजुरी गर्न डराउने प्रवृत्तिले मानव तस्करहरूको मनोबल बढेको छ", उहाँले भन्नुभयो, "पछिल्लो समय मानव तस्करहरूले बाइक र स्थानीय ट्याक्सीजस्ता निजी सवारीसाधन प्रयोग गरी वैकल्पिक मार्गबाट सीमा पार गराउने नयाँ शैली अपनाएका छन् ।"उहाँका अनुसार बेचबिखनमा परेकालाई यौन शोषण, बालश्रम, जबर्जस्ती आपराधिक गतिविधि तथा अङ्ग प्रत्यारोपणसम्म प्रयोग गर्ने गरिएको पाइएको छ । जसमा अन्तरराष्ट्रिय अपराध सञ्जालको समेत संलग्नता देखिने गरेको छ ।

पछिल्लो एक वर्षको अवधिमा पश्चिमी सीमानाका गड्डाचौकी तथा आसपासका क्षेत्रबाट मानव बेचबिखनको जोखिममा परेका २०९ जना महिला तथा बालबालिकालाई सीमाबाटै उद्धार (रोकथाम) गरेको छ ।संस्थाको वार्षिक कार्यप्रगति प्रतिवेदनअनुसार उद्धार गरिएकामध्ये ९० जना बालबालिका र ११९ जना महिला छन् । उद्धार गरिएका स्थानअनुसार गड्डाचौकी सीमानाकाबाट ८९ जना, महेन्द्रनगर बसपार्क तथा अन्य क्षेत्रबाट ६४, महाकाली चारलेन पुल क्षेत्रबाट ३१ जना र झोलुङ्गे पुल क्षेत्रबाट २९ जना रहेका छन् ।

उद्धार गरिएकामध्ये १८२ जना सुदूरपश्चिम प्रदेशकै नागरिक छन् । जिल्लागत रूपमा कञ्चनपुरका एक सय, कैलालीका ३२, बैतडीका १४, बझाङका १० र डोटीका आठ जना छन् ।पछिल्लो तीन वर्षमा भारतका विभिन्न सहरबाट ४९ जना महिला तथा बालबालिकाको सकुशल उद्धार गरिएको छ । सन् २०२३ मा २५, सन् २०२४ मा १४ र सन् २०२५ मा १० जनाको उद्धार भएको माइती नेपालले जनाएको छ ।

पछिल्लो एक वर्षमा मात्रै बिहार, चण्डिगढ, मुम्बई, दिल्ली, हैदरावादलगायत सहरबाट आठ बालिका र दुई महिलाको उद्धार गरिएको हो ।रासस

# महिला तथा किशोरीको उद्धार

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको वीरगन्ज नाकाबाट जोखिमपूर्ण अवस्थामा रहेका १६३ महिला तथा किशोरीको उद्धार गरिएको छ ।

माइती नेपालले सन् २०२५ मा सीमा क्षेत्रमा निगरानी गरेर जोखिमपूर्ण अवस्थामा रहेका महिला तथा बालबालिकाको उद्धार गरेको जनाइएको छ । यो उद्धारले सीमामा निगरानीको क्रममा जोखिमपूर्ण रुपमा भारत तथा त्यहाँबाट तेस्रोमुलुक जान लागेका महिला तथा बालबालिकालाई सीमापारि जानबाट रोकिएको हो ।

माइती नेपाल वीरगन्ज आवधिक गृहकी प्रमुख पर्यवेक्षक गोमा कुमारी पौडेलले सन् २०२५ को शनिबारसम्म गरी सीमा नाकाबाट उद्धार गरिएका १ सय ६३ मध्ये १ सय ३० जनालाई गृहमा ल्याइएको र ३३ लाई सीमाबाटै अभिभावक तथा प्रहरीको जिम्मा लगाई समेत सोझै नेपाल फर्काइएको जानकारी दिइन् ।

फर्काइएका १ सय ६३ मध्ये ४० जना १८ वर्षसम्मका छन् भने १ सय २३ जना १९ वर्ष माथिका छन् । गृहले यस अवधिमा सन्चालन गरेको दिवसीय तथा अन्य कार्यक्रमबाट २ हजार ७ सय ७४ जना लाभान्वित भएका छन् ।

यस अवधिमा २ हजार ३ सय ५३ जनालाई चेतनामूलक जानकारी पत्र वितरण, २० हजार २ सय ३१ सवारी साधनलाई जाँच, २२ हजार ५ सय जनालाई प्रत्यक्ष तथा अप्रत्यक्ष सूचना सम्प्रेषण र ३१ जनालाई सामान्य स्वास्थ्य उपचार सेवा दिइएको पौडेलले बताइन् ।

यस वर्ष भारत बिहारको छपरा, सिवान, मोतिहारी, छौडादानोलगायतका स्थानबाट अर्केष्टा नृत्य समूहमा जोखिमपूर्ण रुपमा काम गरी रहेका १८ जना नेपाली चेलीहरुलाई भारतीय प्रहरीको सहयोगमा उद्धार गरी ल्याइएको उनले बताइन् ।

यस वर्ष सीमा क्षेत्रमा रोकेर गृहमा ल्याइएका १ सय ३० जना मध्ये ३२ जनाले भारतको पटनामा रहेको वि-विनर नेटवर्किङ कम्पनीमा काम गर्न जान लागेको बताएका थिए । ३६ जना सानै उमेरमा प्रेममा परी भागेर जान वा प्रेमीलाई भेट्न जान लागेका थिए । २४ जना आफू जाने स्थान सम्बन्धी कुनै जानकारी नभएका थिए ।

१७ जना किनमेल गर्न जाने बहानामा, ६ जना काम गर्न जाने बहानामा, ४ जना आफन्त भेटघाट गर्न जाने बहानामा, ६ जना आर्केष्ट्रा नृत्य समूहमा, २ जना औषधिउपचार गर्न, दुई जना भारत जान लागेको र १ जनाले तेस्रोमुलुक जान लगाएको बताएका थिए ।


**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | विभिन्न अवसर प्राप्त भए पनि नैतिक प्रतिष्ठा जोगाउन सजग रहनुपर्ला । |
| वृष : | सामान्य कामलाई पनि निकै मिहिनेत पर्नेछ । |
| मिथुन : | पेशा-व्यवसायमा विशेष लाभ लिने समय छ । |
| कर्कट : | स्रोतसाधन जुट्नाले मेहनतीका लागि समय निकै उत्साहजनक रहनेछ । |
| सिंह : | मिहिनेतले अवसर प्राप्त हुनेछ । |
| कन्या : | सानो कमजोरी बाधा पुर्‍याउनेछ । |
| तुला : | आवश्यक पर्दा सहयोगीहरुले राम्रो साथ दिनेछन् । |
| वृश्चिक : | शुभचिन्तकहरुको साथ प्राप्त हुनाले काममा उत्साह जाग्नेछ । |
| धनु : | समय फुर्सदिलो रहनाले रमाइलो भेटघाट गर्ने अवसर प्राप्त हुनेछ । |
| मकर : | खर्चिलो काम गर्नुपर्दा अर्थअभाव देखा पर्नेछ । |
| कुम्भ: | व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ । |
| मीन : | राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**नेपाल रेल्वको समय तालिका**

जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



जनकपुरधामको जानकी मन्दिरको दर्शन गर्न आएका आन्तरिक तथा वाह्य पर्यटक। यहाँ भारतबाट वर्षेनी विवाह पञ्चमीको अवसर पारेर जन्तीका रुपमा तीर्थयात्रीहरु आउने गर्छन्। *तस्बिर : रासस*

## सर्वोच्च अदालत:
# 'हदम्याद, तारेख र म्याद थप अनुमति'

काठमाण्डु । सर्वोच्च अदालतले चालु मुद्दाको हदम्याद, तारेख र म्याद थप गर्न अनुमति दिने निर्णय गरेको छ। अदालतको निर्णयसँगै अब यही पुस मसान्तसम्म चालु मुद्दाको हदम्याद, तारेख र म्याद थाप्न सकिने छ।

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, वरिष्ठतम न्यायाधीश सपना प्रधान मल्ल, न्यायाधीशहरु कुमार रेग्मी, हरिप्रसाद फुयाल, डा मनोजकुमार शर्मा, डा नहकुल सुवेदी, तिलप्रसाद श्रेष्ठ, विनोद शर्मा, शारङ्गा सुवेदी, अब्दुल अजीज मुसलमान, महेश शर्मा पौडेल, टेकप्रसाद ढुङ्गाना, सुनिलकुमार पोखरेल, बालकृष्ण ढकाल, नृपध्वज निरौला, नित्यानन्द पाण्डेय, मेघराज पोखरेल, श्रीकान्त पौडेल र शान्तिसिंह थापासहित १९ जनाको बृहत् पूर्ण इजलासले आज सो अनुमति दिएको हो।



सर्वोच्च अदालतका कर्मचारी बालाजीप्रसाद पाण्डेयलगायतले पेस गरेको प्रतिवेदनमाथि आज प्रधानन्यायाधीशसहित सम्पूर्ण न्यायाधीशको इजलास नै गठन गरेर यसअघि एक महिना (मङ्सिर मसान्तसम्म) समय दिएको समय बढाएर ६० दिन अर्थात् पुस मसान्तसम्म गरिएको हो ।सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार मङ्सिर मसान्तसम्म मुद्दाको हदम्याद, तारेख र म्याद थाप्न सकिने निर्णय भएकामा अब पुस मसान्तसम्म म्याद थाम्न सकिने भएको छ। यसअघि, मङ्सिर १ देखि ३० गतेसम्म एक महिना हदम्याद, म्याद र तारेख थाम्न सकिने व्यवस्था गरिएको थियो । आदेशको लिखित सोमबार आउनेछ।

गत भदौ २४ गते अदालतमा आगजनी भएर नष्ट भएका मुद्दाको कागजात सङ्कलन गर्ने समय थप गरी ६० दिन हुनेछ। आगजनी र तोडफोडमा सर्वोच्च अदालतका सबैजसो कागजात जलेर नष्ट भएका थिए । अदालतले मुद्दाका पक्ष एवं सरोकारवालालाई सम्बन्धित मुद्दाको कागजात जुटाउन सहयोगका लागि आह्वान गरेको थियो ।रासस

# समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्द सूची पेस गर्न सुरु



काठमाण्डु । प्रतिनिधिसभा निर्वाचन २०८२ अन्तर्गत राजनीतिक दलहरूले समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्द सूची पेस गर्न सुरु भएको छ ।निर्वाचन आयोगले जारी गरेको कार्यतालिकाअनुसार आइतबार र सोमबार समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्द सूची पेस गर्ने कार्यक्रम तोकिएकामा केही राजनीतिक दलले आइतबारै सूची पेस गरेका छन् ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार आज दिउँसोसम्म तीन दलका १३४ जनाले सबै प्रक्रिया पूरा गरेर बन्द सूची पेस गरिसकेका छन् । ती दलले निस्सा लिएर दर्ताको प्रक्रिया पूरा गरेका हुन् । उम्मेदवारको नाम मतदाता सूचीमा छ, छैन हेरेर आयोगले निस्सा दिएपछि बन्द सूची पेस गरिएको हो। यस आधारमा नेपाल मजदुर किसान पार्टी, जनप्रिय लोकतान्त्रिक पार्टी, श्रम संस्कृति पार्टीलगायतले आज दिउँसोसम्म बन्द सूची पेस गरेका प्रवक्ता भट्टराईले जानकारी दिनुभयो ।

उहाँले राजनीतिक दलले पुस १३ र १४ गतेसम्म पेस गरेका समानुपातिकतर्फको बन्द सूचीबारे पुस १५ देखि २० गतेसम्म छानबिन गरिने कार्यक्रम रहेको बताउनुभयो । त्यसपछि पुस २१ देखि २७ गतेसम्म दललाई मिलाउन लगाउने कार्यतालिका छ । पुस २८ देखि माघ ३ गतेसम्म दलले मिलाएको बन्द सूची ठीक छ वा छैन भनी हेरिने आयोगले जनाएको छ। माघ ४ गते बन्द सूची र माघ २० गते अन्तिम सूची प्रकाशन गर्ने कार्यतालिका रहेको प्रवक्ता भट्टराईले जानकारी दिनुभयो।

यसअघि एक सय वटा राजनीतिक दलले ९३ चिह्नमार्फत समानुपातिक प्रणालीतर्फको निर्वाचनमा सहभागी हुन दल दर्ता गराएका छन् । यसरी दर्ता भएका राजनीतिक दलले मात्र सोमबारसम्म बन्द सूचीतर्फका उम्मेदवारको सूची पेस गर्न पाउने छन्।

साना दलले आइतबार समानुपातिकतर्फको बन्द सूची दर्ता गराए पनि ठूला दल भने अझै बैठकमै व्यस्त छन् । सरकारले आगामी फागुन २१ गतेका लागि प्रतिनिधिसभा सदस्य निर्वाचन तोकेको छ । यसपटक एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता रहेका छन्। ती मतदाताले समानुपातिक र प्रत्यक्षको दुईवटा मतपत्रमा मतदान गर्न पाउँछन् ।रासस

# निर्वाचन आचारसंहिता स्वीकृत

काठमाण्डु । निर्वाचन आयोगले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जारी हुने निर्वाचन आचारसंहिता, २०८२ स्वीकृत गरी सरोकारवालालाई त्यसमा भएका व्यवस्थाहरुबारे सार्वजनिक जानकारी गराएको छ।

आयोगको वेबसाइटमा आइतबार प्रकाशित आचारसंहिता आगामी माघको पहिलो सातादेखि लागू गर्ने आयोगको तयारी छ। निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, भयरहित, मर्यादित र विश्वसनीय बनाउन आयोगले आचारसंहितामा विगतमा झैँ कतिपय बुँदालाई परिमार्जन गरी नयाँ आचारसंहिता तयार गरेको हो । आयोगले आचारसंहिताको मस्यौदामा प्राप्त सुझावलाई समेटेर स्वीकत गेरको हो।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार आचारसंहिता नेपाल सरकार र नेपाल सरकारका मन्त्री, प्रदेश सरकार र प्रदेश सरकारका मन्त्री, संवैधानिक निकाय र पदाधिकारी, नेपाल सरकार वा प्रदेश सरकारका निकाय र ती निकायका पदाधिकारी, स्थानीय कार्यपालिका र सोका सदस्य, सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारीलाई लागू हुनेछ।

यस्तै निर्वाचन अचारसंहिता नेपाल सरकार र नेपाल सरकारका मन्त्री, प्रदेश सरकार र प्रदेश सरकारका मन्त्री, संवैधानिक निकाय र पदाधिकारी, नेपाल सरकार वा प्रदेश सरकारका निकाय र ती निकायका पदाधिकारी, स्थानीय कार्यपालिका र सोका सदस्य, सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारीलाईलगातलाई लागु हुनेछ।

यस्तै सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारी, सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारी, राजनीतिक दल तथा राजनीतिक दलको भ्रातृ सङ्गठन, उम्मेदवार तथा सम्बन्धित व्यक्ति,



राजनीतिक दल तथा उम्मेदवारको मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधि, सार्वजनिक पद धारण गरेको व्यक्तिलाई पनि आयोगद्वारा जारी आचारसंहिता लागु हुनेछ। निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता र भयमुक्त वातावरण कायम गर्न हरेक निर्वाचनअघि यस्तो आचारसंहिता जारी गरिन्छ।

> निर्वाचन आयोगले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदान गर्ने प्रयोजनका लागि अस्थायी मतदाता सङ्कलन सुरु गर्ने भएको छ ।

**अस्थायी मतदाता सङ्कलन सुरु गरिने**

निर्वाचन आयोगले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदान गर्ने प्रयोजनका लागि अस्थायी मतदाता सङ्कलन सुरु गर्ने भएको छ।

आयोगले मतदाता नामावली ऐन, २०७३ को दफा ३० तथा अस्थायी मतदाता नामावलीसम्बन्धी कार्यविधि, २०८२ बमोजिम आयोगबाट अस्थायी मतदाता नामावली सङ्कलन कार्यक्रम स्वीकृत गरेको हो । आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार अस्थायी मतदाता नामावलीमा नाम समावेश हुने मतदाताको विवरण यही पुस १९ देखि आगामी माघ १८ गतेसम्म सम्बन्धित निकायका कार्यालय प्रमुखले प्रमाणित गरी प्रमुख नाम दर्ता अधिकारी अधिकारी प्रदेश वा जिल्ला निर्वाचन अधिकारीको कार्यालयमा पठाउनुपर्नेछ ।सङ्कलित नामावली प्रकाशन र दाबीविरोध तथा जाँचबुझ गरी अन्तिम अस्थायी मतदाता नामावली प्रकाशन गर्ने कार्यक्रम रहेको छ।

आयोगबाट प्रकाशन भएको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्थामा कार्यरत कर्मचारी, व्यारेकमा रहेका नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाल, कारागारमा रहेका थुनुवा र कैदी, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गरेका वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वीकृति लिइ सञ्चालनमा रहेका वृद्धा अवस्थामा बसेका व्यक्तिहरू एवं संवैधानिक निकायका पदाधिकारीको नामावली सङ्कलन गरिनेछ आयोगले जनाएको छ ।रासस

## राष्ट्रियसभाको अधिवेशन अविलम्ब बोलाउन कांग्रेसको माग



काठमाण्डु। नेपाली कांग्रेसले राष्ट्रियसभाको अधिवेशन अविलम्ब बोलाउन माग गर्दै राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालसँग भेटवार्ता गरेको छ।

कांग्रेस राष्ट्रियसभाका प्रमुख सचेतक कृष्णबहादुर रोकाय नेतृत्वको टोलीले आइतबार अध्यक्ष दाहाललाई भेटेर कांग्रेस संसदीय दलको निर्णबारे जानकारी गराउँदै सो माग गरेको हो। भेटमा राष्ट्रियसभा सदस्य कमला देवी पन्त, किरणबाबु श्रेष्ठ, विष्णु सापकोटा र पदम परियारलगायत सहभागी हुनुहुन्थ्यो।

यही पुस १० गते बसेको कांग्रेस संसदीय दलको बैठकले 'देशमा बदलिएको राजनीतिक विषम परिस्थितिमा असंवैधानिक ढङ्गबाट प्रतिनिधिसभा विघटन भएको भन्दै राष्ट्रियसभाको अधिवेशन आह्वान गर्न माग गर्ने निर्णय गरेको थियो ।जनताका आवाज उठाउने सार्वभौम सङ्घीय संसद्अन्तर्गत राष्ट्रियसभा मात्र कायम रहेको हुँदा राष्ट्रियसभाको बैठक बस्न आवश्यक भएकाले अविलम्ब राष्ट्रियसभाको अधिवेशन आह्वान गर्न कांग्रेसले माग गरेको थियो ।रासस

# "पात्रो प्रकाशन गर्ने निर्णय अन्तरराष्ट्रिय सम्मेलनमार्फत गरिनुपर्छ"

काठमाण्डु । नेपालबाट प्रकाशित हुने पात्रो (पञ्चाङ्ग) कुन सिद्धान्तका आधारमा गर्ने भनी नेपालका विद्वानहरूले मात्र निर्णय गर्न नसकिनेमा जोड दिइएको छ । विश्व ज्योतिष महासङ्घको राष्ट्रिय समिति नेपाल, नेपाल ज्योतिष परिषद्, दक्षिण एसियाली ज्योतिष महासङ्घ र राष्ट्रिय महिला ज्योतिष सङ्घको संयुक्त आयोजनामा शनिबार राजधानीमा भएको राष्ट्रिय ज्योतिष सम्मेलनमा नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका अध्यक्ष प्रा शम्भुप्रसाद ढकालले चाडपर्व र संस्कृति अन्य




देशसँग पनि एकापसमा सम्बन्धित रहेकाले निर्णय पनि संयुक्त रूपमा गरिनुपर्ने बताउनुभएको हो। यसका लागि अन्य देशका ज्योतिषविद् पनि बोलाएर सम्मेलन गरी निर्णयमा पुग्नुपर्ने सुझाव समितिले पेस गरेको छ।

नेपाल, भारतलगायत देशका ज्योतिषीको सम्मेलनले संयुक्त रूपमा निर्णय नगरिए भारतका भक्तजन अघिल्लो दिन महाशिवरात्रि भनेर पशुपतिनाथमा आउने र नेपालले अर्को दिनमा मनाउने अवस्था आउन सक्नेतर्फ पनि उहाँले ज्योतिषीहरूको ध्यानाकर्षण गराउनुभएको थियो । यस्तो अवस्था जनकपुरमा मनाइने विवाह पञ्चमीमा हुनसक्ने पनि अध्यक्ष ढकालको भनाइ थियो।

कार्यक्रममा समितिका कार्यकारी निर्देशक आचार्य लक्ष्मण पन्थीले २०८३ सालको पात्रो २०८२ सालकै जस्तोगरी प्रकाशन गरिने र २०८४ सालमा पात्रो प्रकाशन गर्नुअघि विस्तृत छलफल गरेर गरिने बताउनुभयो ।रासस


## सखुवानन्कारकट्टी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### सखुवानन्कारकट्टी, सिराहा
**मधेश प्रदेश, नेपाल**

## सिलबन्दी दरभाउ स्वीकृत गर्ने आशयको सुचना

**(प्रकाशित मिति–२०८२/०९/१४ गते)**

यस कार्यालयबाट मिति २०८२/०७/१४ गतेको 'जनकपुर टुडे' राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित ठेक्काहरु सम्बन्धित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रदाताहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताको न्युनतम मुल्याङ्कित बोलपत्र सारभुत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि.नं. | ठेक्का नं | दरभाउपत्र दताको नाम, ठेगाना | कवोल अङ्क (मु.अ.क. सहित) | कैफियत |
|---|---|---|---|---|
| १ | 01H/082–083 | फियो मेडिसिन सप्लायर्स, काठमाडौं। | रु. ९६३०००/५० | |

**प्रमुख प्रशासकीय अधिकृत**



### मधेश प्रदेश सरकार
### खेलकुद तथा समाज कल्याण मन्त्रालय
## व्यावसायिक तथा सीप विकास तालीम केन्द्र
### जनकपुरधाम , धनुषा

## रोष्टरमा सूचिकृत हुने सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशितमिति २०८२।९।१४)**


आ.व.२०८२/०८३ को स्वीकृत वार्षिक तालिम कार्यक्रम अनुसार तालीम सञ्चालनको लागी तालिम अवधिभरको लागी मात्र योग्य प्रशिक्षकहरुको आवश्यकता पर्ने हुंदा प्रशिक्षकहरुको रोष्टर सूची तयार पार्नुपर्ने भएकोले निम्न उल्लेखित विषयहरुमा योग्यता पुगेका प्रशिक्षकहरुबाट दरखास्त मिति २०८२/०९/२८ गते भित्र यस तालिम केन्द्रको वेवसाईट www.vsdtcdhanusha.madhesh.gov.np मा उपलब्ध फाराम भरी आवश्यक कागजात संलग्न गरी तालीम केन्द्रको ईमेल vsdtcdhanusha@gmail.com मार्फत वा तालिम केन्द्रको प्रशासन फांटमा बुझाउन हुन सम्बन्धित सबैको जानकारीको लागी सादर अनुरोध छ।

**तपसिल**

| | |
|---|---|
| तालिमको विषयहरु | कटाई-सिलाई, व्युटि पार्लर, मोन्टेश्वरी, मोबाईल मर्मत, हाउस वायरिङ्ग, प्लम्बर, मोटरसाईकल मर्मत, ए सि फ्रिज टेक्निसियन, कम्प्युटर र मोटर रिवाईन्डीङ्ग |
| प्रशिक्षकको लागीचाहिने योग्यता | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा डिप्लोमा वा कुनै विषयमा प्रमाण पत्र तह उत्तिर्ण गरी सम्बन्धित विषयमा सीप परिक्षण तह २ पास गरेको र प्रशिक्षक प्रशिक्षण तालिम लिएको। |
| सहायक प्रशिक्षकको लागीचाहिने योग्यता | मान्यता प्राप्त शिक्षण सस्था बाट एस.ई.ई पास गरी सम्बन्धित विषयमा तह १ पास गरी १ वर्षको कार्य अनुभव समेत भएको। |

- प्रशिक्षण कार्यमा खटाउदा पायक पर्ने स्थान योग्यता र अनुभवको आधारमा क्रमश खटाईनेछ । तर रोष्टरमा आबेदन दिएर सूचीमा समावेश भएकै आधारमा प्रशिक्षण कार्यमा खटाउन तालिम केन्द्र बाध्यहुने छैन।
- अन्य बिस्तृत जानकारीको लागी ९८४४०५३९३९ मा सम्पर्क राख्नुहुन सादर अनुरोध छ।

**नि.केन्द्र प्रमुख**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# आरक्षणले सुरक्षित नेता

नेपालमा संघीयताको विरोध गर्ने ठूला दलहरुमा धेरै नेता आरक्षणको कारण सुरक्षित रहेका छन् । संघीयताले नै देशमा आरक्षणको व्यवस्था भएको हो । समानुपातिक निर्वाचण प्रणाली पनि संघीयताकै देन हो । आरक्षण र समानुपातिक निर्वाचन प्रणालीले राष्ट्रिय राजनीतिको मूल प्रवाहमा कहिल्यै आउन नसक्ने वर्ग र समुदायहरुलाई अवसर दिएको छ । पछाडि पारिएका वर्गलाई समेत नीति निर्माण तहमा पुर्‍याउन समानुपातिक निर्वाचन प्रणालीले मद्दत गरेको छ । प्रतिनिधि सभामा देखिने अनुहारले नेपालको विशिष्टता दर्शाउछ । नेपालमा रहेका धेरै समुदायबाट प्रत्यक्ष रुपमा चुनाव जितेर प्रतिनिधि सभामा पुग्न सकिदैन । तर समानुपातिक निर्वाचन प्रणालीले देशको सर्वोच्च जनप्रतिनिधिमूलक संस्थामा अल्पसंख्यक, आदीवासी, जनजाति, मुसलमान, महिला मधेशी लगायतको पहुँच सहज बनाएको छ । समानुपातिक निर्वाचन प्रणालीमा राखिएको आरक्षणले त ठूला दलहरुमा सँधै उपेक्षित रहेकाहरुलाई महत्वपूर्ण अवसर दिलाएको छ । सम्पूर्ण जिवन नै निष्ठापूर्वक दलमा लगाउने मधेशी, आदीवासी, जनजाति, मुसलमान नेताहरुलाई आरक्षणले नै निर्णायक तह सम्म पुर्‍याउन मद्दत गरेको छ । आरक्षणकै कारण ठूला दलका नेताहरु सुरक्षित भएका छन् । हुन त अझै पनि समानुपातिक प्रणाली पूर्ण समावेशी हुन सकेको छैन । समानुपातिक प्रणालीलाई पूर्ण समावेशी बनाउन सके अझ धेरै वर्ग र समुदाय लाभान्वित हुनेछ । नेपालको लागि समावेशी समानुपातिक प्रणाली अत्यन्त उपयुक्त देखिएको छ । त्यसलाई अझ परिष्कृत गरी लग्नु पर्छ । ठूला दलका नेताहरुले बढी उदार भएर देश बनाउन लाग्नु पर्छ । समावेशी समानुपातिक प्रणालीलाई सुधार गर्दै लगिए त्यसले राष्ट्रियतालाई झन बलियो बनाउने छ । समानुपातिक निर्वाचन प्रणालीमा केही विकृति पनि नदेखिएको होइन । चुनावमा समानुपातिक तर्फको सिट मोटो रकम लिएर बिक्री गर्ने प्रवृत्ति पनि विकसित भएको छ । कमजोर तप्काका समुदायले नेताहरुको खल्ती भर्ने गरी रकम बुझाउन गाह्रो भएकाले उनीहरु अवसरबाट बञ्चित हुने गरेका छन् । राजनीतिलाई व्यवसायीकरण गर्दा त्यसले अनेक समस्याहरु उत्पन्न भएका छन् । समानुपातिक कोटाबाट सांसद बनेकाहरुले सत्ता समीकरण बनाउन र बिगार्न तर्फ लाग्ने गरेको देखिन्छ । त्यसको प्रमुख कारण धन र पद नै हो । समानुपातिक सांसदहरुले निष्ठा जोगाउन नसक्दा समानुपातिक प्रणाली खारेजीको विषयमा नै आवाज उठ्ने गरेको छ । समानुपातिक निर्वाचन प्रणाली अहिले प्रारम्भिक चरणमा नै रहेकाले त्यसमा देखिएको विकृतिहरु विस्तारै हटदै जानेछ । तर समानुपातिक निर्वाचन प्रणालीमा देखिएको विकृतिभन्दा सकारात्मक पक्ष धेरै नै बलियो छ । ठूला दलका नेताहरु प्रतिष्पर्धा गर्न नसकेर समानुपातिक आरक्षणलाई टेकेर नै प्रतिनिधि सभासम्म पुग्न सकेका छन् । प्रतिनिधिसभामा महिलाहरुको संख्या ३३ प्रतिशत पुर्‍याउन समानुपातिक निर्वाचन प्रणाली नै आधार बनेको छ ।

# सामाजिक न्यायका पहरेदारको 'पीडा'



सुरेश यादव

पत्रकार भनेको सामाजिक न्यायका लागि बोल्ने र बेथिति विरुद्ध कलम चलाउने श्रमजीवी प्राणी हुन् । राज्यबाट न्यायको प्रत्याभूति नपाएको अवस्थामा नागरिकले पत्रकारलाई गुहार्छन् । पत्रकारले विद्यमान कानुनको पालना र सामाजिक न्यायका लागि सरोकारवाला निकायलाई खबरदारी गर्छन् । सोही अर्थमा अन्तर्राष्ट्रिय जगतमा पत्रकारलाई 'वाच डग' भनिन्छ । अर्थात् पत्रकार भनेको 'सामाजिक न्यायका पहरेदार' हुन् ।

नेपालमा पत्रकारिता र यसप्रति जनविश्वासको आस्थाले सञ्चार जगतलाई राज्यको चौथो अंगको रुपमा परिभाषित गरियो । यद्यपि, सञ्चारमाध्यम वा पत्रकारितालाई चौथो अंग भनेर कुनै पनि संविधान वा कानूनी दस्तावेजमा उल्लेख गरिएको पाइँदैन । सञ्चार क्षेत्रबाट नागरिकले अनुभूत गरेको साथ र सहयोगको आधारमा मात्रै यो विषयलाई नागरिक तहबाट अनुमोदनसम्म गरिएको बुझ्न सकिन्छ ।

मुलुकमा भएका हरेक राजनीतिक परिवर्तनमा पत्रकारिताको भूमिका अतुलनीय रह्यो । नागरिक स्वतन्त्रता र लोकतन्त्रका लागि पत्रकारले जहिले पनि व्यक्ति र परिवारको दायराबाट बाहिर निस्केर दायित्व निर्वाह गरेका छन् । नेपालमा प्रथम जननिर्वाचित सरकारलाई अपदस्थ गरी तत्कालीन राजा महेन्द्रले प्रजातन्त्रविरुद्ध लादेको पञ्चायती व्यवस्थामा पत्रकारहरुले सबैभन्दा बढी सास्ती भोग्नु परेको थियो । बहुदलीय राजनीतिक व्यवस्था कायम गर्दै प्रजातन्त्र पुनर्वहालीका लागि पत्रकारले राज्यव्यवस्था विरुद्ध कठोर संघर्ष नै गरेका थिए ।

कुनै पनि व्यवस्था यथास्थितिमै रहन चाहन्छ । राज्यको नेतृत्व गर्नेसंग अपार शक्ति हुन्छ । उक्त शक्ति विरुद्ध लड्ने साहस जो कोहीमा हुने कुरै हुँदैन । राणाहरुको जहानीय 'क्रुर शासन' व्यवस्थालाई अन्त्य गरी कायम गरिएको प्रजातन्त्र 'अपहरण'मा परेपछि सीमित व्यक्तिहरुले बहुदलीय शासन व्यवस्थाका लागि 'लड्ने साहस' जुटाएका थिए । तीनैमध्ये केही व्यक्तिहरुले पत्रकारिताको माध्यमबाट जनताको मनोबल उकास्न अग्रसरता लिए । तत्कालीन ती योद्धाहरुले थालेको मिसन पत्रकारिता देशमा प्रजातन्त्र पुनर्वहाली गराउने शक्तिशाली हतियारको रुपमा सावित भयो ।

वि.सं. २०४७ सालमा प्रजातन्त्र पुनर्स्थापना भएपछि राजनीतिक व्यवस्थामा सहजता आयो । त्यसअघि एक प्रकारले प्रतिबन्धित अवस्थामा रहेको पत्रकारिताको दायरा पनि स्वभाविक रुपले फराकिलो भयो । सञ्चार माध्यममा लगानी र पत्रकारिता पेशामा जनआकर्षण बढ्न थाल्यो । त्यसको केही वर्षमै शुरु भएको माओवादी जनयुद्धले 'एकपटक फेरि' पत्रकारिता क्षेत्रलाई गम्भीर सुरक्षा चुनौती दियो । सो क्रममा अनेकौ सञ्चार माध्यमहरु ध्वस्त पारिए । कयौँ सञ्चारकर्मीको जीउधन क्षति भयो । त्यसको बावजुद देश र जनताका लागि पत्रकारिताको यात्रा रोकिएन । आखिर, देशमा ऐतिहासिक दोस्रो जनआन्दोलनले लोकतन्त्र हुँदै गणतन्त्र स्थापना गराउन पनि पत्रकारिता जगतले अतुलनीय योगदान दियो ।

वर्तमान परिप्रेक्ष्यमा कायम रहेको संघीयतादेखि जनताको प्रतिनिधिबाट निर्मित संविधान लागू गराउनसम्मको अभियानमा पत्रकारिता क्षेत्रको योगदानबारे राजनीतिक अगुवाहरुले नै बखान गरिरहेको सुन्न सकिन्छ । तर बिडम्वना नै मान्नुपर्छ , तीनै अगुवाहरु जब राज्यको नेतृत्वतहमा पुग्छन् अनि परिवर्तनको भूईंतहमा सहयोग गर्ने सञ्चार जगतको योगदान बिर्सिदिन्छन् ।

अस्ति देशमा लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था कायम गर्ने दोस्रो जनआन्दोलन हाँक्ने र हिजोमात्रै संघीय व्यवस्थाकायम गराउने मधेश आन्दोलनको नेतृत्व गरेकाहरु बारम्बार सरकारको नेतृत्वमा पुगेका छन् ।

ती दुबै ऐतिहासिक परिवर्तनमा आन्दोलनकारीको प्रमुख शक्तिको रुपमा पत्रकारिता जगत उभिएको थियो । तत्कालीन समयमा पत्रकारिताको माध्यमले आन्दोलनलाई सिँचित गर्नेहरु मध्ये केही व्यक्ति मूलधारको राजनीतिमा लागेर सरकारमै सामेल भएका होलान् । तर भुइँतहमा रहेर पत्रकारिताको अस्तित्वलाई जीवन्त राखिरहनेहरु अहिले पनि संघर्ष गर्नु परिरहेको परिस्थिति कसरी समान्य हुन सक्छ ?

यी गम्भीर प्रश्नको जवाफ खोतल्दै राज्यपक्षलाई ।'

माथिको अनुच्छेद मधेश र देशकै पत्रकारिताको वारेमा गरिने टिप्पणीहरुको रुप हो । होला ! र, हो पनि । देशमा यति धेरै परिवर्तन ल्याउने सहयात्री, राज्यलाई नागरिकमैत्री बनाउन दबाब समूहको रुपमा रहेर काम गर्ने पत्रकारिता क्षेत्रको यो हविगत कसरी भयो ? भन्ने विषयमा राज्यले चिन्तन गर्नु पर्दैन ?

कारण यस्तो छः सञ्चारमाध्यम जस्तै सन्देश प्रवाहमा भूमिका निर्वाह गर्ने सामाजिक सञ्जालको विकास भयो । त्यसले मूलधारका सञ्चार माध्यम सञ्चालनका लागि आवश्यक खर्चको जोहो गर्ने स्रोतको रुपमा रहेको विज्ञापनको मुहान पूर्ण रुपले बन्द गरिदियो । कुनै सूचना प्रवाहका लागि मूलधारकै सञ्चार माध्यमको भर पर्नुपर्ने आधार पनि समाप्त गरिदियो । जसले गर्दा पत्रकार छायाँमा पर्ने भयो नै, सञ्चार माध्यम सञ्चालनका लागि चाहिने खर्च समेत जुटाउन सक्ने अवस्था रहेन ।

अहिले मूलधारको पत्रकारितामा क्रियाशील रहेका सञ्चारकर्मीको मुख्य समस्या नै दुई वटा छन् । पहिलो, सामाजिक सञ्जाल केन्द्रित अदक्ष पत्रकारिताको बिगबिगी । दोस्रो, मूलधारका सञ्चार माध्यमलाई निरन्तरताका लागि चाहिने आर्थिक स्रोतको अभाव ।

दोस्रो समस्याका रुपमा रहेका आर्थिक स्रोत अर्थात् विज्ञापनको अभावको पूर्तिका लागि राज्यबाट प्रवाह हुने विज्ञापन वापतको रकमलाई व्यवस्थापन मात्रै गरिदिए पुग्छ । मुलुकमा एक संघीय, सात प्रादेशिक र ७५३ स्थानीय गरी कुल ७६१ वटा सरकार रहेका छन् । ती सरकारहरुले विज्ञापनको नाउँमा गरिरहेको खर्चलाई दुरुपयोग हुन नदिइ मूलधारका सञ्चारमाध्यमहरुलाई उपलब्ध गराउन सक्यो भने पत्रकारिता जोगाउनकै लागिभनेर राज्यले थपभार व्यहोर्नु पर्दैन । र पत्रकारिता क्षेत्रलाई दिगो बनाउन पनि पर्याप्त सहयोग पुग्न सक्छ । यसका लागि आवश्यक छ भने सरकारी प्रतिबद्धता र विज्ञापन वितरण प्रणालीमा सहजीकरण ।

मधेश प्रदेशका कुन जिल्लामा कुन प्रकारका कति संख्यामा सञ्चार माध्यमहरु छन् । ती सञ्चार माध्यमहरुले रोजगार दिएको दक्ष जनशक्तिको संख्या र नियमित रुपमा उत्पादन गरिरहेको पठन वा दृश्य सामग्री (कन्टेन्ट) को आधारमा वर्गीकरण गरी न्यायोचित रुपले भाग पाउने गरी विज्ञापन उपलब्ध गराउन सकिन्छ । लोककल्याणकारी विज्ञापन वितरण प्रणालीको विकास गरी काम गर्न सक्ने हो भने सञ्चार क्षेत्रको दिगो विकासमा टेवा पुग्नुका साथै स्वच्छ र मर्यादित पत्रकारिता प्रवर्द्धन कार्यमा सहयोग पुग्ने विश्वास गर्न सकिन्छ ।

मधेश प्रदेशमा १३६ वटा स्थानीय सरकार छन् । ती सरकारहरुले मात्रै वार्षिक कम्तीमा एक अर्ब हाराहारी रकम विज्ञापनको नाममा खर्च गरिरहेका छन् । प्रदेश सरकारले पनि उल्लेख्य रकम यस शीर्षकमा खर्च गर्दै आएको अवस्था छ । ती निकायहरुले दिने विज्ञापन मूलधारको सञ्चारमाध्यममा प्रकाशन, प्रसारण हुनुपर्ने र विज्ञापन वितरण प्रणाली व्यवस्थित गर्न सकियो भने माथि पत्रकारितामा भएका विकृति तथा समस्याहरुलाई तत्काल सुधार्ने नैतिक दबाब



ताकेतास्वरुप यस लेखका लागि शब्द चयन गरिदैंछ । मुलुकमा नागरिक स्वतन्त्रताका लागि भनेर हाँकिएको ऐतिहासिक दोस्रो जनआन्दोलन त्यतिकै सफल भएको थियो र ? १९ जनाले दिएको ज्यानको आहुति र सयौँ नागरिक अङ्गभंग हुन पुगेको त्यो क्षणलाई फेरि पनि सम्झिने कि नसम्झिने ? अनि आन्दोलनको पक्षमा लेख्यो र नागरिकलाई आन्दोलनमा सहभागी हुन प्रेरित गर्‍यो भन्ने आरोपमा यातना भोगेका पत्रकार र ध्वस्त पारिएका सञ्चार गृहका सञ्चालकहरुको अवस्था कस्तो छ भनि अहिलेका सरकार हाँक्नेहरुले मनन गर्ने कि नगर्ने ?

'पत्रकारिता स्वच्छ रहेन । पत्रकारिता मर्यादित रहन सकेन । पत्रकारितामा विश्वसनीयता कायम गर्न सक्नुपर्छ । पत्रकारिता जवाफदेही बन्नुपर्छ । प्रेस स्वतन्त्रताको दुरुपयोग बढ्यो । पत्रकारिता छाडा हुँदैछ । पत्रकारितामा अध्ययन गर्ने संस्कृति कमजोर बन्दैछ । पत्रकारितामा 'कपी-पेस्ट' संस्कृति हावी हुँदैछ । समग्रमा, पत्रकारिता क्षेत्र बदनाम भयो, हुँदैछ सिर्जना हुन पुग्छ ।

पत्रकारितामा देखिएको पहिलो भनिएको समस्या सामाजिक सञ्जालको दुरुपयोग भन्ने हो । मुख्यतः पत्रकारिताको आडमै सामाजिक सञ्जालको दुरुपयोग गर्नेहरुको पहिचान गरी तिनीहरुलाई मूलधारको सञ्चारमाध्यमसंग जोड्दै दक्षता अभिवृद्धि गर्न आवश्यक छ । नयाँ जोश र जागरका साथ पत्रकारिता क्षेत्रमा प्रवेश गर्न इच्छुक नयाँ पुस्ताका युवाहरुले हो सामाजिक सञ्जालको बढीजसो प्रयोग गर्ने । उनीहरुलाई पत्रकारिताको मूल्य र मान्यताबारे अवगत गराउँदै जिम्मेवार पत्रकारितामा अवतरण गराउनु पर्ने देखिन्छ । यसका लागि नेपाल पत्रकार महासंघ, सञ्चारकर्मीहरु आवद्ध विभिन्न पेशागत तथा वैचारिक संगठनहरु एवम् सञ्चार क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी संघ, संस्थाहरुले मिलेर योजनावद्ध ढंगले काम गर्नुपर्ने देखिन्छ ।

( लेखक मिडिया काउन्सिल, मधेश प्रदेशका कार्यवाहक अध्यक्ष हुन् । )

# विकल्पको राजनीतिक इन्जिन : रवि लामिछाने



दिवस खनिया

लेखमा लामिछानेको उदय, वैकल्पिक राजनीतिको आवश्यकता र आगामी बाटोबारे चर्चा गरिएको छ।

नेपालको समकालीन राजनीतिमा हालै देखिएको एउटा दृश्य अत्यन्त प्रतीकात्मक छ । केही समयअघिसम्म कारागारमा रहेका रवि लामिछाने रिहाइपछि सडकमा स्वतःस्फूर्त जनसागरबिच उभिएका थिए । त्यो भीड कुनै दलको नियमित कार्यकर्ता मात्रै थिएन, न त कुनै सरकारी संयन्त्रबाट परिचालित जमात । त्यो दृश्यलाई राजनीतिक समाजशास्त्रको भाषामा 'वैधता पुनर्निर्माण' को क्षण भन्दा फरक नपर्ला ।

व्यक्तिगत विवाद, कानुनी प्रश्न र आलोचनाबिच पनि उनले अदालतको प्रक्रिया स्वीकार गरे । कानुनको शासनमाथि चुनौती दिएनन् । यही संयम र कानुनी मान्यताप्रतिको स्वीकृतिले उनको राजनीतिक इमानदारितामाथि उठाइएका धेरै प्रश्नहरूलाई पुनर्विचारको चरणमा पुर्‍याइदिएको छ । नेपाल जस्तो सङ्क्रमणकालीन लोकतन्त्रमा जहाँ कानुनलाई सुविधा अनुसार मोडिएको इतिहास छ । कानुनको सामना गरेर निस्किएको एउटा राजनीतिक पात्रले जनविश्वास पुनर्आर्जन गर्नु आफैमा असामान्य घटना हो ।

नेपालको राजनीतिमा 'विकल्प' शब्द नयाँ होइन तर यसको प्रयोग पछिल्ला वर्षहरूमा असाधारण रूपमा बढेको छ । यो शब्द नारामा सीमित रहँदा जनतालाई क्षणिक उत्साह त दियो तर संस्थागत रूपान्तरण दिन सकेन । राजनीतिक अर्थशास्त्री एडम प्रजेवोर्स्कीले लोकतन्त्रलाई 'अनिश्चित परिणामसहितको सुनिश्चित प्रक्रिया' भनेका छन् ।

नेपालमा प्रक्रिया त निरन्तर चलिरह्यो तर परिणाम सधैँ उही अनुहार र उही संरचनामा सीमित रह्यो । ०४६, ०६२/६३, मधेस आन्दोलनदेखि संविधान निर्माणसम्मका सबै राजनीतिक उभारले परिवर्तनको आकाङ्क्षा जन्माए तर त्यो आकाङ्क्षा राज्य संरचनामा स्थायी रूपमा रूपान्तरण हुन सकेन । यही असफलता, यही दोहोरिएको निराशाले नै विकल्पको खोजीलाई केवल भावनात्मक होइन, संरचनात्मक आवश्यकता बनायो ।

यही पृष्ठभूमिमा रवि लामिछानेको उदयलाई बुझ्नुपर्छ । उनी कुनै परम्परागत राजनीतिक प्रशिक्षण, विद्यार्थी राजनीति वा वंशाणुगत दल संरचनाबाट आएका नेता होइनन् । उनी मिडियाबाट आएका हुन् । म्याक्स वेबरले वर्णन गरेको 'करिश्म्याटिक लेजेटिमेसी' यस्तै अवस्थामा जन्मिन्छ, जब विद्यमान प्रणालीप्रति विश्वास खस्किन्छ र जनता असाधारण व्यक्तित्वतर्फ आकर्षित हुन्छन् । रवि लामिछाने त्यो करिश्माको उत्पादन मात्र होइनन्, निराश संस्थागत व्यवस्थाको प्रतिक्रिया पनि हुन् ।

तथ्याङ्कहरूले यो करिश्मालाई पुष्टि गर्छन् । निर्वाचनमा देखिएको मतपरिणाम, परम्परागत संगठनबिना पनि भरिएका जनसभा, सामाजिक सञ्जालमा देखिएको निरन्तर संलग्नता र हालैको रिहाइपछिको जनउपस्थिति कुनै क्षणिक लोकप्रियताको परिणाम होइन । राजनीतिक विश्लेषक पिप्पा नोरिसले भनेझैँ, जब 'प्रतिनिधित्व अन्तर' बढ्छ, तब मतदाता वैकल्पिक आवाजतर्फ जान्छन् ।

नेपालमा त्यो अन्तर दशकौँदेखि बढ्दै गएको थियो र त्यसको केन्द्रमा रवि लामिछाने देखिएका छन् ।अन्तर्राष्ट्रिय अनुभव हेर्दा यो नयाँ भने होइन । डोनाल्ड ट्रम्प अमेरिकामा परम्परागत राजनीतिक प्रतिष्ठान विरुद्ध उभिए । इमानुएल म्याक्रों फ्रान्समा पुराना दल संरचनालाई छलेर उदाए । युक्रेनका भोलोदिमिर जेलिन्स्की मनोरञ्जन उद्योगबाट सिधै राष्ट्रपतिको कार्यालय पुगे । यी सबै उदाहरणमा एउटा साझा तत्त्व छ; व्यक्ति संस्थाभन्दा अगाडि आए र व्यक्तिले संस्थालाई पुनर्संरचना गर्ने प्रयास गरे ।

राजनीतिक वैज्ञानिक फ्रान्सिस फुकुयामाले यसलाई अवसर र जोखिम दुवै भएको चरण भनेका छन् । अवसर किनकि पुराना संरचना हल्लिन्छन्, जो खिम

> हिजो राती मात्रै रवि लामिछाने र बालेन शाहबिच भएको ७ बुँदे सहमति वास्तवमै नयाँ वैकल्पिक धारको सुरुवातको महत्‌वपूर्ण पानीढलो हो भन्दा अत्युक्ति नहोला । यसले नयाँ बिहानीको स्पष्ट सङ्केत गरेको छ ।

किनकि संस्था कमजोर रह्यो भने व्यक्ति नै सर्वेसर्वा बन्न सक्छ ।रवि लामिछानेको जीवन विवादरहित छैन । उनले पनि बारम्बार स्वीकार गरेका छन् कि उनी त्रुटिरहित होइनन् । व्यक्तिगत जीवनका विवाद, नागरिकतासम्बन्धी प्रश्न, सहकारी सम्बन्धी मुद्दा आदि सबै उनका राजनीतिक यात्राका हिस्सा हुन् । तर यहाँ मूल प्रश्न निर्दोष वा दोषीको कानुनी फैसला होइन । सार्वजनिक जीवनमा ती विवादहरूको राजनीतिक अर्थ के हो भन्ने हो ।

उनले अदालतको सामना गरे, प्रक्रिया माने, धरौटीमा रिहाइपछि पनि न्याय प्रणालीलाई अस्वीकार गरेनन् । नेल्सन मण्डेला, भ्याक्लाभ हाभेल, यहाँसम्म कि आङ सान सुचीले पनि कुनै न कुनै चरणमा कारागारलाई राजनीतिक पुँजीमा रूपान्तरण गरेका थिए । इतिहासले देखाउँछ, कहिलेकाहीँ जेल लोकतान्त्रिक सङ्घर्षको अन्तिम होइन नयाँ अध्यायको सुरुवात हुन्छ ।यहाँ राज्यसत्ता, न्यायालय र राजनीतिबिचको सम्बन्धबारे उठेको बहस पनि टार्न मिल्दैन । उनी जेलमा हुँदा र रिहा हुँदा देखिएको राजनीतिक वातावरणको भिन्नताले शक्ति संरचनाको अस्थिरता देखाउँछ । यो संयोग मात्र हो कि संरचनात्मक प्रभाव, त्यो बहस खुलै छ । तर यो लेखको उद्देश्य फैसला सुनाउनु होइन, यथार्थको जटिलता देखाउनु हो ।

अझ रोचक प्रश्न के हो भने किन कोही व्यक्ति जेलभित्र हुँदा पनि राजनीतिको केन्द्रमा रहन्छ तर कोही सत्ता केन्द्रमा हुँदा पनि जनताबाट टाढिँदै जान्छ ? गुस्ताभ ले बोनको भीड मनोविज्ञानले भीड भावनाले चल्ने बताउँछ तर नेपालको वर्तमान सन्दर्भमा देखिएको भीड केवल भावनात्मक छैन । त्यो लामो समयदेखि जम्मा भएको असन्तोष, अपमान र अवसर गुमेको अनुभूतिको सामूहिक अभिव्यक्ति हो ।

बालुवाटारको सुरक्षा घेराभित्रको एक्लोपन र कारागारभित्रको जनसम्पर्कले यही विरोधाभास उजागर गर्छ ।रवि लामिछानेले गरेको सबैभन्दा महत्त्वपूर्ण काम के हो भने, उज्ज्वल थापापछि केही सुस्ताएको वैकल्पिक राजनीतिक यात्रालाई उनले चुनावी ऊर्जामा रूपान्तरण गरे । यदि अघिल्लो निर्वाचनमा त्यो झट्का नआएको भए आज देखिएको जेनजीको राजनीतिक सक्रियता सम्भवतः यति तीव्र हुने थिएन । कसैले माने पनि नमाने पनि यथार्थ यही नै हो ।

तर आजको चरणमा कुनै पनि राजनीतिक परियोजना एक्लै सम्भव छैन । रवि लामिछाने स्वयं पनि यो यात्राको गन्तव्यमा एक्लै पुग्न सक्दैनन् । कुलमान घिसिङको प्राविधिक विश्वसनीयता, बालेन शाहको सहरी शासनको अभ्यास, सुमना श्रेष्ठजस्ता बौद्धिक नेतृत्व र जेनजी अभियन्ताहरूको ऊर्जा, यी सबै अलग-अलग टापु बनेर होइन, साझा धार बनेर बग्नुपर्छ । समस्या प्रतिस्पर्धा होइन, सहकार्य नहुनु हो । धेरै खुद्रा पसल खोलेर होइन, साझा थोक पसल बनाएर मात्रै विकल्पको मूलधार बन्न सक्छ ।

उनको रिहाइसँगै अब केही बहसहरू लगभग खारेज भएका छन् । उनलाई कार्यकारी भूमिकाबाट हटाएर मात्र विकल्प अघि बढ्छ भन्ने तर्कहरू कमजोर परेका छन् । बरु अब गुण र दोषसहित उनलाई स्वीकार गरेर अघि बढ्नुपर्ने दबाब सबै वैकल्पिक शक्तिमाथि परेको छ । यो दबाब रविमाथि मात्र होइन, उनीसँग सहकार्य गर्न चाहने वा नचाहने सबैमाथि हो ।अन्ततः उद्देश्य सत्ता प्राप्ति मात्र हुन हुँदैन । उद्देश्य सत्ता प्राप्त गरेर के गर्ने, किन गर्ने र कसरी गर्ने भन्ने बहस केन्द्रमा आउनुपर्छ । संविधान परिमार्जन, सेवा प्रवाह, नागरिकको दैनिकीमा प्रत्यक्ष सुधार, राज्यको जबाफदेहिता, यी विषयमा स्पष्ट योजना नआएसम्म विकल्प फेरि नारामै सीमित हुनेछ ।

हिजो राती मात्रै रवि लामिछाने र बालेन शाहबिच भएको ७ बुँदे सहमति वास्तवमै नयाँ वैकल्पिक धारको सुरुवातको महत्त्वपूर्ण पानीढलो हो भन्दा अत्युक्ति नहोला । यसले नयाँ बिहानीको स्पष्ट सङ्केत गरेको छ ।

यसैले निष्कर्ष सरल तर गम्भीर छ । रवि लामिछाने न त सम्पूर्ण समाधान हुन्, न सम्पूर्ण समस्या । उनी एउटा राजनीतिक इन्जिन हुन् । इन्धन जनआकाङ्क्षा हो र यात्रु वैकल्पिक शक्तिहरू हुन् । इन्जिन बिना रेल चल्दैन, तर इन्जिन मात्रै रेल होइन । आजको नेपाली राजनीतिलाई व्यक्ति र संस्था, भावना र नीति, विद्रोह र जिम्मेवारीबिचको सही सन्तुलन चाहिएको छ । यही सन्तुलन कायम गर्न सके विकल्प सम्भावनाबाट वास्तविकतामा रूपान्तरण हुनेछ, नत्र इतिहास फेरि दोहोरिनेछ ।

# अब साक्षरबाट शिक्षित प्रदेशतर्फ अघि बढ्छौँः मुख्यमन्त्री आचार्य



लुम्बिनी । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेशलाई अब साक्षरबाट शिक्षित प्रदेशको रूपमा घोषणा गर्ने गरी सरकारले प्राथमिकताका साथ काम गर्ने बताउनुभएको छ ।

प्रदेश राजधानी राप्ती उपत्यका (देउखुरी) मा आइतबार आयोजित साक्षर लुम्बिनी प्रदेश घोषणा कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले शिक्षक, विद्यार्थी, अभिभावकलगायत सबै सरोकारवालाको अथक प्रयासका कारण साक्षर प्रदेश घोषणा सम्भव भएको र यसलाई दिगो रूपमा अघि बढाउने जिम्मेवारी सबैको हुने बताउनुभयो ।"घोषणा आफैँमा ठूलो कुरा होइन । साक्षरतालाई टिकाइ राख्नु मुख्य विषय हो । अब हामी साक्षरबाट शिक्षित प्रदेशको घोषणा गर्नेतर्फ छिट्टै अघि बढ्नुपर्छ", उहाँले भन्नुभयो, "यससँगै प्रदेशलाई दुर्व्यसनमुक्त बनाउने अभियान सशक्त रूपमा अघि बढाउन आवश्यक छ ।"

मुख्यमन्त्री आचार्यले नवयुवा दुर्व्यसनमा फस्नु चिन्ताको विषय भएको उल्लेख गर्दै अब दुर्व्यसनमुक्त प्रदेश बनाउने विषय सबैको साझा सङ्कल्प हुनुपर्ने बताउनुभयो । प्रदेश सरकारले सामाजिक विकासलाई प्राथमिकतामा राख्दै नीति तथा कार्यक्रम र कानुन निर्माणमा जोड दिँदै आएको उहाँले स्पष्ट पार्नुभयो । प्रदेशमा साक्षरताको मापदण्ड पूरा भई १५ देखि ६० वर्ष उमेर समूहको औसत साक्षरता दर ९६.१६ प्रतिशत पुगेकाले लुम्बिनी प्रदेशलाई साक्षर प्रदेश घोषणा गरिएको मुख्यमन्त्री आचार्यको भनाइ थियो ।लुम्बिनी प्रदेशमा पाँच हजार ७२२ सामुदायिक बाल विकास केन्द्र, चार हजार ४३९ सामुदायिक विद्यालय, तीन विश्वविद्यालय, १८७ क्याम्पस र तीन सय २९ सामुदायिक सिकाइ केन्द्र रहेका छन् । प्रदेशभर विद्यालय तहमा १२ लाख ४६ हजार २७२ विद्यार्थी अध्ययनरत छन् ।

प्रदेश सभामुख तुलाराम घर्तिमगरले सामाजिक न्यायसँग जोडिएका ऐन निर्माण गर्न आवश्यक रहेको बताउनुभयो । उहाँले प्रदेशमा भाषा ऐन आवश्यक रहेको उल्लेख गर्दै भाषा, संस्कृति र सभ्यताको संरक्षण पहिचानका लागि अपरिहार्य भएको धारणा राख्नुभयो । भौतिक संरचनामा मात्र होइन, अब बौद्धिक क्षेत्रमा लगानी बढाउनुपर्ने उहाँको भनाइ थियो ।प्रदेश सरकारका सामाजिक विकासमन्त्री जन्मजय तिमिल्सिनाले प्रदेशको शैक्षिक गुणस्तर वृद्धि गर्न सबैको साझा प्रयास आवश्यक रहेको बताउनुभयो । उहाँले अझै विद्यालय बाहिर रहेका ४२ हजार विद्यार्थीलाई विद्यालय शिक्षामा ल्याउन सक्रियता बढाउनुपर्नेमा जोड दिनुभयो ।

पूर्वमुख्यमन्त्री डिल्लीबहादुर चौधरीले साक्षरतालाई आयआर्जनसँग जोड्नुपर्ने आवश्यकता औँल्याउँदै साक्षरता अभियानलाई अझ फराकिलो ढङ्गले अघि बढाउनुपर्ने बताउनुभयो । लुम्बिनी प्रदेश प्राविधिक विश्वविद्यालयका उपकुलपति प्रा डा विनोदप्रसाद ढकाल, बौद्ध विश्वविद्यालयका उपकुलपति प्रा डा सुवर्णलाल बज्राचार्य, प्रदेशका प्रमुख सचिव कृष्णप्रसाद काप्री, जिल्ला समन्वय समितिका प्रमुख उमाकान्त चापागाईं, प्रदेश योजना आयोगका उपाध्यक्ष डा डिल्लीराज अर्याल, बारबर्दिया नगरपालिकाका प्रमुख छविलाल थारु, घोराही उपमहानगरपालिकाका प्रमुख नरुलाल चौधरी, पूर्वप्राध्यापक प्रेम शाह, विद्यार्थी सृष्टिका भट्टराई र ओजस्वी आचार्यले आ-आफ्नो धारणा राख्नुभएको थियो ।रासस

# पोखराको पर्यटनका लागि 'सडक र हवाई कनेक्टिभिटी' महत्वपूर्णः मन्त्री घिसिङ

कास्की । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले पर्यटकीय राजधानी पोखराको पर्यटन विकासका लागि अन्य देशसँगको सडक र हवाई कनेक्टिभिटी महत्वपूर्ण रहेको बताउनुभएको छ । रेष्टुरेण्ट एण्ड बार एशोसिएशन नेपाल (रेवान) पोखराको आयोजनामा फेवाताल किनारमा आइतबारदेखि सुरु भएको २७औँ संस्करणको पोखरा सडक महोत्सवको उद्घाटन गर्दै मन्त्री घिसिङले पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट अन्तरराष्ट्रिय उडान गर्न सरकारले प्राथमिकता दिएको बताउनुभयो ।

"पोखराको विकासका लागि चीनको कोरला नाकासम्मको सडक सञ्जाल र पोखरा विमानस्थलबाट अन्तरराष्ट्रिय उडान हुनु आवश्यक छ । एयर कनेन्टिभिटीलाई सरकारले प्राथमिकता दिएको छ । यो जियोपोलिटिक्स कुरासमेत हो । अब आउने सरकारले यस विषयलाई प्राथमिकतामा राखेर समाधान गर्नुपर्छ । पर्यटकीय सहरमा एयरपोर्ट सञ्चालन गर्दा यहाँको पर्यटनलाई ठूलो मद्दत पुग्छ", मन्त्री घिसिङले भन्नुभयो ।

पोखरादेखि मुस्ताङस्थित चीनको कोरला नाकासम्म सडक सुधार र कालोपत्र गर्ने काम भइरहेकाले आगामी दिनमा यहाँको पर्यटन विकास तथा चीनसँगको व्यापारमा योगदान पुग्ने उहाँले बताउनुभयो । मुस्ताङबाट कोरलासम्म ५० किमी सडक कालोपत्र गर्न अर्थमन्त्रालयसँगको सहमतिमा टेण्डर प्रक्रिया अघि बढाइएको मन्त्री घिसिङले जानकारी दिनुभयो ।



मन्त्री घिसिङले पोखराका कुँडहरदेखि लेकसाइडसम्मको सडकको विद्युत्को तार भूमिगत गर्ने काम भइरहेको बताउनुभयो । उहाँले पोल र तार हटाएर सुन्दर पोखरा अभियान बनाउन सरकार लागिपरेको उल्लेख गर्नुभयो । पर्यटनको हव पोखरामा पर्यटकीय पूर्वाधारका लागि धेरै काम गर्नुपर्ने भए पनि सङ्घीय सरकारले अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल र मनाङका पर्यटकीयस्थलसम्म ग्रिड कनेक्टिभिटीका क्षेत्रमा काम गरेको मन्त्री घिसिङको भनाइ थियो । फेवाताल, रुपाताल र बेगनास तालको संरक्षण तथा सम्वर्द्धनका लागि प्रदेश र स्थानीय सरकारसँग मिलेर काम गर्ने योजना रहेको उहाँले बताउनुभयो ।

गण्डकी प्रदेशका पर्यटन मन्त्री मित्रलाल बस्यालले पर्यटन विकासका लागि प्रदेश सरकारले घरवास कार्यक्रम, पर्यटकीय पूर्वाधार निर्माण र गन्तव्यहरुको प्रवर्द्धन गर्ने काम गरिरहेको बताउनुभयो । पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट अन्तरराष्ट्रिय उडान नियमित बनाउनका लागि पहल गर्न मन्त्री घिसिङसँग आग्रह गर्नुभयो ।

अङ्ग्रेजी नयाँ वर्ष २०२६ को स्वागतार्थ फेवाताल किनार लेकसाइडको खहरेदेखि अम्बोटसम्मको साढे तीन किमी क्षेत्रमा यही पुस १७ गतेसम्म महोत्सव सञ्चालन हुनेछ । महोत्सवबाट गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछिको विषम परिस्थिति र सङ्कटका बाबजुद दिगो पर्यटनको परिकल्पनालाई सार्थक बनाउँदै अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग पुग्ने विश्वास लिइएको रेवानका अध्यक्ष विश्वराज पौडेलले बताउनुभयो ।

हरेक सङ्कटपछि सुस्ताएको पर्यटन व्यवसायलाई पुनरुत्थान गर्न र 'पोखरा सुरक्षित तथा खुला छ' भन्ने सन्देश प्रवाह गर्न महोत्सव फलदायी हुने आयोजकको विश्वास छ । महोत्सवमा मुख्य आर्कषणको रुपमा विभिन्न जातजातिका लोपोन्मुख सांस्कृतिक कार्यक्रम, मौलिक वेषभूषा प्रदर्शन, झाँकी प्रदर्शन प्रतियोगिता, सडकमै राष्ट्रिय तथा अन्तरराष्ट्रिय परिकारको प्रदर्शनलगायत रहेको छ । रासस

# पदावधि छँदै उपसभामुखको राजीनामा

काठमाण्डु । पदावधि बाँकी रहँदै प्रतिनिधिसभाका उपसभामुख इन्दिरा रानाले पदबाट राजीनामा दिनुभएको छ ।

सभामुख र उपभामुखको कार्यावधि आसन्न निर्वाचनमा प्रत्यक्षतर्फको उम्मेदवारी मनोनयन गर्ने अघिल्लो दिनसम्म कायम रहने अभ्यास रहेका पनि आइतबार उहाँले स्वेच्छाले



राजीनामा दिनुभएको हो ।

निर्वाचन आयोगले आगामी फागुन २१ गतेका लागि निर्धारित प्रतिनिधिसभाको निर्वाचनका लागि समानुपातिकतर्फको बन्दसूची पेस गर्न आइतबार र सोमबारका लागि समय निर्धारण गरेको छ ।

विगतको अभ्याससमेतका आधारमा सभामुखरउपसभामुखकोपदावधि प्रत्यक्षतर्फको उम्मेदवारी मनोनयन गर्ने अघिल्लो दिनसम्म कायम रहने सङ्घीय संसद् सचिवालयले जनाएको छ ।

सभामुख देवराज घिमिरेले भने प्रत्यक्षतर्फको उम्मेदवारी मनोनयन गर्ने अघिल्लो दिन अर्थात् आगामी माघ ५ गतेदेखि बिदाइ हुने तयारी गर्नुभएको जनाइएको छ । सङ्घीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार गत निर्वाचनका समयमा सभामुख रहनुभएका अग्निप्रसाद सापकोटाले प्रत्यक्षतर्फको उम्मेदवारी मनोनयन गर्ने अघिल्लो दिन बिदाइ लिनुभएको थियो । सोही अभ्यासअनुसार वर्तमान सभामुखले काम गर्नसक्ने उहाँले बताउनुभयो ।

नेपालको संविधानको धारा ९१ मा प्रतिनिधिसभाको सभामुख र उपसभामुखसम्बन्धी व्यवस्थाको उपदफा ६ (क) मा प्रतिनिधिसभा विघटन भएको अवस्थामा आफ्नो पदमा बहाल रहेका प्रतिनिधिसभाका सभामुख र उपसभामुख प्रतिनिधिसभाका लागि हुने अर्को निर्वाचनको उम्मेदवारी दाखिल गर्ने अघिल्लो दिनसम्म आफ्नो पदमा बहाल रहने उल्लेख छ ।रासस

# कांग्रेसद्वारा कार्यसम्पादन समितिको बैठकको निर्णय कार्यान्वयन गर्न निर्देशन

काठमाण्डु । नेपाली कांग्रेसले केन्द्रीय कार्यसम्पादन समितिको यही पुस १२ गते बसेको बैठकले गरेका निर्णय कार्यान्वयनका लागि निर्देशन दिएको छ ।कांग्रेसले आइतबार एक विज्ञप्तिमार्फत पार्टीका सबै प्रदेश, जिल्ला, प्रतिनिधिसभा र प्रदेश क्षेत्रीय कार्यसमिति, पालिका कार्यसमिति र वडा कार्यसमितिलाई सम्बोधन गरी उक्त निर्णय कार्यान्वयन गर्न निर्देशन जारी गरेको हो ।



कार्यसम्पादन समिति बैठकले विगतको निर्वाचनमा पार्टीको उम्मेदवार वा पार्टीले समर्थन गरेका उम्मेदवारविरुद्ध उम्मेदवार भएका, तिनका प्रस्तावक र समर्थक वा असहयोग गरी अनुशासनविपरीतका काम गरेकालाई केन्द्रीय अनुशासन समितिले गरेको निष्काशन, निलम्वन र पार्टीको विधानअनुसार स्वतः कारबाहीमा परेकाहरुको बाँकी अवधि माफी मिनाहा गर्ने निर्णय गरेको थियो छ । त्यस्तै, कारबाही माफी मिनाहा भएका व्यक्तिहरुको पार्टीको बहाल रहेको पद नरहने गरी क्रियाशील सदस्यतालाई निरन्तरता कायम गरी क्रियाशील सदस्यता नवीकरण गर्ने निर्णय गरेको थियो ।बैठकले विगतमा विभिन्न कारणले पार्टी परित्याग गरेर स्वतन्त्र बनेका वा अन्य पार्टीमा गएर उम्मेदवार, प्रस्तावक वा प्रचारक बनेका साथीहरुलाई पार्टीमा फर्कनका लागि केन्द्रीय कार्यसम्पादन समितिको यो बैठक हार्दिक आह्वान गरेको थियो ।रासस

## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. को २१ दिने सूचना

**सुचना प्रकाशन मितिः २०८२।०९।१४**

यस बैंकको तपसीलका कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने ब्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ ।

**सम्बन्धित कार्यालयको नाम : कृषि विकास बैंक लि. शाखा कार्यालय बरहथवा, सर्लाही**

| क्र. सं. | कर्जा ग्राहकको नाम (फर्म, प्रोप्राईटरको नाम/कम्पनि तथा संचालकहरुको नाम) | ठेगाना | बाजेको नाम | ग्राहकको पिता/पतिको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८२/०८ सम्मको व्याज तथा अन्य रकम | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्रेया बहुउद्धेशीय कृषि तथा पशुपालन फर्म (प्रो. संजु देवी नुनिया) | बरहथवा वार्ड नं ०३, सर्लाही | महेन्द्र महतो | नरेश महतो | Term Loan<br>Sahuliyat Loan<br>PD Loan | १३,२०,०००।-<br>१८,२४,०७५।-<br>६३,६७०।- | ७०००।- | ३२,१४,७४५।- |
| २. | राम इश्वर राय यादव | बरहथवा वार्ड नं ०४, सर्लाही | मकै राय | बिहारी राय यादव | Saral Krishi Karja | २,००,०००।- | ५,७४०।- | २,०५,७४०।- |
| ३. | विजय कुमार साह | बरहथवा वार्ड नं ०१, सर्लाही | नेवालाल साह | बन्टीलाल साह | Advance<br>PD Saral Krishi Karja | ९००।-<br>५,००,०००।- | २१,६००।- | ५,२२,५००।- |
| ४. | दुखि महतो | बरहथवा वार्ड नं ०२, सर्लाही | खुसार महतो | चिरिज महतो/ सकुन्तला देवी | Saral Krishi Karja | ९,९०,०००।- | २७,२७०।- | १०,१७,२७०।- |
| ५. | बिरेन्द्र महतो नुनिया | बरहथवा वार्ड नं ०३, सर्लाही | राजिन्द्र महतो | सोनेलाल महतो | Advance<br>PD Loan<br>PD Saral Krishi Karja | ५००।-<br>४८,०००।-<br>५,००,०००।- | २०,१४२।- | ५,६८,६४२।- |
| ६. | मिथिलेश यादव | बरहथवा वार्ड नं १८, सर्लाही | गोरख राय यादव | अमर राय यादव | Team Loan | ९,००,०००।- | ३३,२४८।- | ९,३३,२४८।- |
| ७. | रामजी राय यादव | बरहथवा वार्ड नं ०४, सर्लाही | लंगुर राय यादव | सहदेव राय/आशा देवी | Saral Krishi Karja<br>Advance | ५,००,०००।-<br>१,०००।- | ११,७००।- | ५,१२,७००।- |
| ८. | हेटौडा आइसक्रिम पार्लर (प्रो. तेज नारायण आले) | हरिवन ०९, सर्लाही | चित्र बहादुर आले मगर | तिलक बहादुर आले मगर | Rest. Loan<br>PD Business Loan | ८५,०००।-<br>५०,००,०००।- | ६१,४००।- | ५१,४६,४००।- |
| ९. | शन्दे एण्ड श श मल्टिपर्पोज कन्स्ट्रक्सन (प्रो. संजय कुमार पाचे) | बरहथवा वार्ड नं ०७, सर्लाही | लिला बहादुर पाचे | सिताराम पाचे | Sahuliyat Loan<br>Rest Loan<br>Term Loan<br>Term Loan | ५०,००,०००।-<br>९६,०००।-<br>२५,८७,०००।-<br>५,२९,०००।- | ९४,०००।-<br>३२,०००।-<br>२,८३,०००।-<br>५,२९,०००।- | ९१,५०,०००।- |

**कृषि विकास बैंक लि.**
**प्रदेश कार्यालय बीरगंज, पर्सा**

## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल पुष महिना १४ गते सोमबार)

यस विकास बैंकको शाखा कार्यालय लाहानबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्र्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१) कर्जा शिर्षक : मुक्तिनाथ सरल व्यवसायिक आवधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **गिता मनिषा फर्निचर उद्योग** प्रोप्राइटरको नाम : मनोज शर्मा प्रा.फ.नं.घ.उ.सि. : ७९४७/०७४/०७५
दर्ता मिति : २०७४/१०/११ दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग विभाग
फर्मको ठेगाना : सिरहा जिल्ला धनगढीमाई न.पा. वडा नं. १० स्थायी लेखा नं. : ६०७४५१५६२

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) गेनाई ठाकुरको नाति राम सेवक ठाकुरको छोरा सिरहा जिल्ला पिप्रा प्र.पि. गा.वि.स. वडा नं. ९ हाल, धनगढीमाई न.पा. वडा नं. ७ बस्ने **मनोज शर्मा** (ना.प्र.नं. : १५८३ - ३००९७ जारी मिति र जिल्ला : २०५८/०७/२६, सिरहा)

२) राम सेवक ठाकुरको बुहारी मनोज शर्माको पत्नी सिरहा जिल्ला पिप्रा प्र.पि. गा.वि.स. वडा नं ९ हाल, धनगढीमाई न.पा. वडा नं. ७ बस्ने **गिता शर्मा** (ना.प्र.नं. : २९२९ जारी मिति र जिल्ला : २०६१/११/२४, सिराहा)

३) राम सेवक ठाकुरको नाति मनोज शर्माको छोरा सिरहा जिल्ला धनगढिमाई न.पा. वडा नं. ८ हाल, वडा नं. ७ बस्ने **सन्तोष कुमार शर्मा** (ना.प्र.नं. : १५-०१-७३-०९१६५ जारी मिति र जिल्ला : २०७३/१०/२५, सिरहा)

४) राम सेवक ठाकुरको नाति मनोज शर्माको छोरा सिरहा जिल्ला धनगढिमाई न.पा. वडा नं. ८ हाल, वडा नं. ७ बस्ने **अशोक कुमार शर्मा** (ना.प्र.नं. : १५-०१-७३-०९१६४ जारी मिति र जिल्ला : २०७३/१०/२५, सिरहा)

**२) कर्जा शिर्षक : व्यक्तिगत आवधिक कर्जा**

**ऋणीको विवरण**

राम सेवक ठाकुरको नाति मनोज शर्माको छोरा सिरहा जिल्ला धनगढिमाई न.पा. वडा नं. ८ हाल, वडा नं. ७ बस्ने **अशोक कुमार शर्मा** (ना.प्र.नं. : १५-०१-७३-०९१६४ जारी मिति र जिल्ला : २०७३/१०/२५, सिरहा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) गेनाई ठाकुरको नाति राम सेवक ठाकुरको छोरा सिरहा जिल्ला पिप्रा प्र.पि. गा.वि.स. वडा नं. ९ हाल, धनगढीमाई न.पा. वडा नं. ७ बस्ने **मनोज शर्मा** (ना.प्र.नं. : १५८३ - ३००९७ जारी मिति र जिल्ला : २०५८/०७/२६, सिरहा)

२) राम सेवक ठाकुरको बुहारी मनोज शर्माको पत्नी सिरहा जिल्ला पिप्रा प्र.पि. गा.वि.स. वडा नं ९ हाल, धनगढीमाई न.पा. वडा नं. ७ बस्ने **गिता शर्मा** (ना.प्र.नं. : २९२९ जारी मिति र जिल्ला : २०६१/११/२४, सिराहा)

३) राम सेवक ठाकुरको नाति मनोज शर्माको छोरा सिरहा जिल्ला धनगढिमाई न.पा. वडा नं. ८ हाल, वडा नं. ७ बस्ने **सन्तोष कुमार शर्मा** (ना.प्र.नं. : १५-०१-७३-०९१६५ जारी मिति र जिल्ला : २०७३/१०/२५, सिरहा)

**३) कर्जा शिर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

गेनाई ठाकुरको नाति राम सेवक ठाकुरको छोरा सिरहा जिल्ला पिप्रा प्र.पि. गा.वि.स. वडा नं. ९ हाल, धनगढीमाई न.पा. वडा नं. ७ बस्ने मनोज शर्मा (ना.प्र.नं. : १५८३ - ३००९७ जारी मिति र जिल्ला : २०५८/०७/२६, सिरहा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) राम सेवक ठाकुरको बुहारी मनोज शर्माको पत्नी सिरहा जिल्ला पिप्रा प्र.पि. गा.वि.स. वडा नं ९ हाल, धनगढीमाई न.पा. वडा नं. ७ बस्ने **गिता शर्मा** (ना.प्र.नं. : २९२९ जारी मिति र जिल्ला : २०६१/११/२४, सिराहा)

२) खुवा महतोको नाति श्रीदेव महतोको छोरा सिरहा जिल्ला अयोध्यानगर वडा नं १ बस्ने **अर्जुन प्रसाद महतो** (ना.प्र.नं. : १३३८०/६३ जारी मिति र जिल्ला : २०६३/०९/१७, सिरहा)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

# युद्ध अन्त्यका लागि ट्रम्प-जेलेन्स्की भेट

एपी

वेस्ट पाम बीच ।रुस-युक्रेनबीच झण्डै चार वर्षदेखि जारी युद्ध अन्त्य गर्ने प्रयासका क्रममा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीलाई आइतबार भेटवार्ताका लागि स्वागत गर्नुहुने भएको छ । दुवै नेताले फ्लोरिडाको पाम बीचस्थित राष्ट्रपति ट्रम्पको निजी क्लब मार-ए-लागोमा भेट्नुहुनेछ, जहाँ राष्ट्रपति ट्रम्प हाल छुट्टी मनाइरहनुभएको छ ।

राष्ट्रपति जेलेन्स्कीले यस भेटमा सुरक्षा तथा आर्थिक सम्झौताका विषयमा छलफल हुने र 'क्षेत्रीय मुद्दा' उठाइने जानकारी दिनुभएको छ । पूर्वी युक्रेनको डोनबास क्षेत्रको भविष्यलाई लिएर मस्को र किएभबीच गहिरो मतभेद रहँदै आएको छ । भेटघाटअघिका दिनमा रुसले किएभमाथि मिसाइल र ड्रोन आक्रमण तीव्र पारेको छ, जसलाई राष्ट्रपति जेलेन्स्कीमाथि दबाब सिर्जना गर्ने प्रयासका रूपमा हेरिएको छ ।



राष्ट्रपति जेलेन्स्कीले सामाजिक सञ्जालमार्फत 'युक्रेन यो युद्ध रोक्नका लागि जे पनि गर्न तयार छ, तर वार्ताको टेबलमा बलियो हुनुपर्छ' भन्नुभएको छ । उहाँले युक्रेन शान्ति चाहन्छ तर रुसले युद्ध जारी राख्ने सङ्केत गरिरहेको आरोप लगाउनुभयो । युरोप र अमेरिका युक्रेनको पक्षमा उभिए संयुक्त रूपमा युद्ध रोक्न सकिने उहाँको भनाइ छ ।

यसैबीच, क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीसँग नोभा स्कोटियामा भएको भेटमा राष्ट्रपति जेलेन्स्कीले रुसमाथि दबाब र युक्रेनलाई बलियो समर्थन नै शान्तिको कडी भएको बताउनुभयो । प्रधानमन्त्री कार्नीले युक्रेनको पुनर्निर्माणका लागि दुई अर्ब ५० करोड क्यानेडियन डलर थप सहयोगको घोषणा गर्नुभएको छ । उहाँले किएभमाथिको रुसी आक्रमणको निन्दा गर्दै राष्ट्रपति ट्रम्प र जेलेन्स्कीलाई 'न्यायपूर्ण र स्थायी शान्ति' का लागि महत्त्वपूर्ण क्षण सिर्जना गरेको श्रेय दिनुभयो ।

हालैका हप्ताहरूमा अमेरिकी वार्ताकारहरूले अघि सारेको शान्ति प्रयासमा उल्लेख्य प्रगति भएको दुवै पक्षले जनाएका छन् । राष्ट्रपति जेलेन्स्कीका अनुसार २० बुँदे शान्ति प्रस्तावको मस्यौदा लगभग ९० प्रतिशत तयार भइसकेको छ । यस क्रममा अमेरिकाले नाटोका अन्य सदस्यलाई जस्तै युक्रेनलाई पनि केही सुरक्षा ग्यारेन्टी दिन सहमति जनाएको छ। युक्रेनले यस्ता ग्यारेन्टी पाए भविष्यमा नाटो सदस्यता खोज्ने प्रयास त्याग्न तयार रहेको सङ्केत राष्ट्रपति जेलेन्स्कीले दिनुभएको छ ।

क्रिसमसको दिन राष्ट्रपति जेलेन्स्कीले अमेरिकी विशेष दूत स्टिभ विटकफ र राष्ट्रपति ट्रम्पका ज्वाइँ जारेड कुशनरसँग पनि छलफल गर्नुभएको थियो । उहाँले संवेदनशील विषयमा अझै काम बाँकी रहेको र आगामी हप्ता निर्णायक हुनसक्ने बताउनुभएको छ ।

राष्ट्रपति ट्रम्पले आफ्नो कार्यकालको ठूलो समय युक्रेन युद्ध अन्त्यका प्रयासमा खर्च गर्दै आउनुभएको छ । सन् २०२४ को चुनाव अभियानका क्रममा एक दिनमै युद्ध अन्त्य गर्ने दाबी गर्नुभएका उहाँले पछिल्लो समय यो प्रक्रिया जटिल रहेको स्वीकार गर्नुभएको छ। अक्टोबरमा ह्वाइट हाउसमा राष्ट्रपति जेलेन्स्कीलाई स्वागत गर्दा उहाँले दुवै पक्षलाई लडाइँ रोक्न आग्रह गर्दै हालको युद्धरेखामा रोक्नुपर्ने सङ्केत दिनुभएको थियो ।

आइतबारको भेटअघि राष्ट्रपति जेलेन्स्कीले अझै नसुल्झेका मुख्य विषयमा क्षेत्रीय प्रश्न, जापोरिजिया आणविक ऊर्जा केन्द्र र युद्धपछिको पुनर्निर्माण कोष रहेको बताउनुभएको छ। सुरक्षा ग्यारेन्टी र अनुगमन संयन्त्रसम्बन्धी प्राविधिक विषयहरू पनि छलफलको केन्द्रमा रहनेछन् ।

राष्ट्रपति जेलेन्स्कीका अनुसार युक्रेनले आफ्नो धारणा अमेरिकासमक्ष स्पष्ट गरिसकेको छ, जसलाई ट्रम्प प्रशासनले रुससमक्ष पुऱ्याउनेछ । उहाँले पछिल्लो साता, यदि रुस पनि पछि हटे र पूर्वी क्षेत्र अन्तर्राष्ट्रिय निगरानीमा असैन्यीकृत क्षेत्र बनाइयो भने युक्रेन सेना फिर्ता लिन तयार हुनसक्ने बताउनुभएको थियो ।

क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले अमेरिका-रुसबीच सम्पर्क जारी रहेको र वार्ता अघि बढाउने सहमति भएको पुष्टि गर्नुभएको छ। तर रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले कब्जामा रहेका चार क्षेत्र र क्रिमियालाई रूसी भूभागका रूपमा मान्यता दिनुपर्ने माग दोहोऱ्याउँदै आउनुभएको छ। युक्रेनले ती सबै माग अस्वीकार गर्दै आएको छ।

विश्लेषकहरूका अनुसार राष्ट्रपति ट्रम्प रुसी मागप्रति केही हदसम्म ग्रहणशील देखिनुभएको छ । यदि युक्रेनले डोनबास क्षेत्रमा केही सम्झौता गऱ्यो र पश्चिमी शक्तिले रुसलाई आर्थिक प्रोत्साहन दिए, पुटिनलाई युद्ध अन्त्यतर्फ राजी गराउन सकिने सम्भावना ट्रम्प पक्षको आकलन रहेको बताइन्छ।

## राष्ट्रिय भलिबल प्रतियोगिताः
# हेल्प नेपाल क्वाटरफाइनलमा



काठमाण्डु । राजधानीमा जारी राष्ट्रिय एनभिए महिला तथा पुरुष भलिबल च्याम्पियनसिपमा हेल्प नेपाल क्लबले लगातार दोस्रो जित निकाल्दै प्रतियोगिताको क्वाटरफाइनलमा प्रवेश गरेको छ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा आइतबार भएको पुरुषतर्फको खेलमा हेल्प नेपालले मणिमुकुन्द भलिबल क्लबलाई ३-० को सोझो सेटमा पराजित गर्दै प्रतियोतिगाको क्वाटरफाइनमा स्थान बनाएको हो ।तीन पाकिस्तानी खेलाडीको साथ पाएको हेल्प नेपालले मणिमुकुन्द भलिबल क्लबमाथि पहिलो सेट २५-१६, दोस्रो सेट २५-१९ तथा तेस्रो सेट २५-२२ ले पाखा लगाउँदै जित हासिल गऱ्यो । समूह 'ए' को पहिलो खेलमा हेल्प नेपालले विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ क्लबलाई ३-० को सोझो सेटमा हराएको थियो ।

यसैगरी आइतबारै भएको महिलातर्फको दुई खेलमा विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ क्लब र त्रिभुवन आर्मी क्लब विजयी भएका छन् । एपिएफले सुदूरपश्चिम प्रदेश खेलकुद परिषद् लाई ३-० को सोझो सेटमा हराएको हो । एपिएफले सुदूरपश्चिममाथि २५-६, २५-११ र २५-१२ अङ्कको जित निकाल्यो ।त्यस्तै विभागीय टोली आर्मीले चुली युवा क्लबलाई ३-० को सोझो सेटमा पराजित गर्यो । आर्मी २५-१६, २५-१२ र २५-९ अङ्कका साथ विजयी भएको हो ।रासस

# म्यान्मामा सेनाले सत्ता कब्जा गरेपछि पहिलो पटक निर्वाचन

एपी

याङ्गुन । म्यान्मामा सेनाले सन् २०२१ मा सत्ता कब्जा गरेपछि पहिलो पटक आयोजना गरिएको आम निर्वाचनको प्रारम्भिक चरणअन्तर्गत आइतबार मतदान सुरु भएको छ । तर देशका धेरै भागमा गृहयुद्ध जारी रहेकाले यो निर्वाचन सुरुदेखि नै विवादको घेरामा परेको छ ।तीन चरणमा हुने यो निर्वाचनको अन्तिम परिणाम जनवरीमा थप दुई चरणको मतदान सम्पन्न भएपछि मात्र स्पष्ट हुनेछ। पहिलो चरणमा देशका ३३० मध्ये १०२ स्थानमा मतदान भइरहेको छ। दोस्रो चरण जनवरी ११ र तेस्रो चरण जनवरी २५ मा हुने तय भएको छ। निर्वाचनको अन्तिम नतिजा फेब्रुअरीसम्म सार्वजनिक हुने अपेक्षा गरिएको छ।

सत्ता कब्जापछि निरङ्कुश शासन चलाउँदै आउनुभएका वरिष्ठ जनरल मिन आङ ह्लाइङले निर्वाचनपछि राष्ट्रपति पद सम्हाल्नुहुने व्यापक अनुमान गरिएको छ। सैनिक सरकारले निर्वाचनलाई 'चुनावी लोकतन्त्रतर्फ फर्कने प्रक्रिया' का रूपमा चित्रण गरे पनि प्रमुख विपक्षी दलहरूलाई प्रतिबन्ध लगाइएको र मतदातालाई डर-धम्की दिइएको आरोपले यसको वैधानिकता कमजोर गरिएको उनीहरूको आरोप छ। सन् २०२० को चुनावमा नेसनल लिग फर डेमोक्रेसीले ठूलो जित हासिल गरे पनि सुकी र उहाँको दललाई पुनः सत्तामा आउनबाट रोकिएको थियो ।

विपक्षी दलहरूको बहिष्कार, अभिव्यक्ति स्वतन्त्रतामाथिको कडाइ र दमनको वातावरणका कारण नतिजामा जनइच्छाको प्रतिबिम्ब नदेखिने उनीहरूको तर्क छ। संयुक्त राष्ट्रसङ्घका लागि म्यान्मासम्बन्धी मानव अधिकार विज्ञ टम एन्ड्रुजले सामाजिक सञ्जालमा लेख्दै भन्नुभएको छ, "नागरिक र राजनीतिक नेताहरूलाई जेल हाल्दै बन्दुकको डरमा गराइएको प्रक्रिया निर्वाचन होइन, नाटक मात्र हो।"

यद्यपि, निर्वाचन आयोजनाले चीन, भारत र थाइल्यान्डजस्ता छिमेकी देशलाई सैनिक सरकारलाई समर्थन जारी राख्न कूटनीतिक बहाना दिन सक्ने विश्लेषकहरूको भनाइ छ। पश्चिमी मुलुकहरूले भने म्यान्माका जनरलहरूमाथि प्रजातन्त्रविरोधी कदम र विपक्षमाथिको दमनका कारण प्रतिबन्ध कायमै राखेका छन् ।मतदानका दिन नागरिकहरूले मिश्रित प्रतिक्रिया दिएका छन्। याङ्गुनको एक मतदान केन्द्रमा मत हाल्नुभएकी ५१ वर्षीया खिन मार्लरले शान्ति आउने आशामा मतदान गरेको बताउनुभयो। लडाइँका कारण गाउँ छाड्नुपरेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "शान्ति भएपछि गाउँ फर्कने आशाले मतदान गरिरहेकी छु।"



बनाएको छ ।राष्ट्रिय तथा क्षेत्रीय विधानसभाका लागि ५७ दलबाट चार हजार ८०० भन्दा बढी उम्मेदवार प्रतिस्पर्धामा छन्। तर देशव्यापी रूपमा प्रभाव जमाउने सम्भावना भएका दलहरू सीमित छन्। सेनाको समर्थन प्राप्त युनियन सोलिडारिटी एन्ड डेभलपमेन्ट पार्टी सबैभन्दा सङ्गठित र बलियो प्रतिस्पर्धी मानिएको छ।

आलोचकहरूले यो निर्वाचनलाई सैन्य शासनलाई वैधानिकता दिन गरिएको 'ढोङ' भनेका छन्। फेब्रुअरी २०२१ मा निर्वाचित प्रधानमन्त्री आङ सान सुकीको सरकार अपदस्थ गरेपछि सुरु भएको सैन्य शासनलाई नागरिक शासनको आवरण दिन निर्वाचन डिजाइन

तर केही मतदाताले सेनाको दबाब महसुस गरेको बताएका छन्। मोन राज्यकी एक महिलाले सैनिकहरूले बन्दुकसहित गाउँमा आएर मतदान गर्न दबाब दिएको दाबी गर्नुभयो। मानव अधिकार समूहहरूका अनुसार यस्ता धम्कीका घटनाहरू मतदानअघि नै देखिएका थिए ।असी वर्षीया पूर्व नेत्री आङ सान सुकी हाल २७ वर्षको जेल सजाय भोगिरहनुभएको छ।

# डर र अनिश्चितताबीच बुल्गेरियामा युरो लागू



एएफपी

सोफिया । बुल्गेरियाले बिहीबार युरो अपनाउँदै युरो प्रयोग गर्ने २१औँ देश बन्ने तयारी गरेको छ। तर यो ऐतिहासिक कदमलाई लिएर देशभर डर र अनिश्चितता पनि उत्तिकै देखिएको छ । धेरै नागरिकले युरो अपनाउँदा मूल्यवृद्धि हुने र युरोपेली सङ्घ (इयु) को सबैभन्दा गरिब सदस्य राष्ट्रमा सामाजिक तथा आर्थिक अस्थिरता बढ्न सक्ने आशङ्का व्यक्त गरिरहेका छन्।

यस वर्ष 'बुल्गेरियाली लेभ जोगाऔँ' भन्ने नारासहित विरोध अभियान नै चलाइएको थियो । यसले युरोप्रति जनसाधारणमा रहेको नकारात्मक धारणा र महँगीको डरलाई थप उजागर गरेको छ। तर पछिल्ला सरकारहरूले युरोजोनमा सामेल हुन निरन्तर जोड दिँदै आएका छन् । समर्थकहरूका अनुसार युरोले अर्थतन्त्रलाई बलियो बनाउने, पश्चिमी मुलुकसँगको सम्बन्ध सुदृढ गर्ने र रुसको प्रभावबाट टाढा राख्नेछ।

एकल मुद्रा युरो सन् २००२ मा १२ देशबाट सुरु भएको थियो। त्यसयता यसको विस्तार हुँदै आएको छ । क्रोएसिया सन् २०२३ मा अन्तिम पटक सामेल भएको देश हो । बुल्गेरियाले भने राजनीतिक अस्थिरता, भ्रष्टाचारविरोधी आन्दोलन र बारम्बारका चुनावका कारण विशेष चुनौतीको सामना गरिरहेको छ। हालै कन्चरभेटिभ सरकार पतन भएपछि देश पाँच वर्षमै आठौँ चुनावको सङ्घारमा पुगेको छ।

अल्फा रिसर्चका विश्लेषक बोर्याना दिमित्रोभाका अनुसार युरो अपनाउँदा देखिने कुनै पनि समस्यालाई इयु-विरोधी राजनीतिज्ञहरूले राजनीतिक हतियार बनाउने सम्भावना छ । उहाँका अनुसार यस्ता विषय इयु विरुद्धको बयानबाजीको आधार बन्न सक्छन् । अति-दक्षिणपन्थी र रुस समर्थक दलहरूले युरो विरोधी प्रदर्शनको अगुवाइ गरिरहेका भए पनि ग्रामीण र गरिब क्षेत्रका धेरै नागरिक नयाँ मुद्राप्रति स्वाभाविक रूपमा चिन्तित छन् ।उत्तरपश्चिमी बुल्गेरियाको चुप्रेन गाउँकी किराना व्यवसायी ५३ वर्षीया बिल्याना निकोलोभाले पश्चिमी युरोपमा बस्ने साथीहरूबाट मूल्य बढेको अनुभव सुनेको भन्दै यहाँ पनि महँगी बढ्ने डर व्यक्त गर्नुभएको छ।

युरोपेली सङ्घ (इयु) को युरोबेरोमिटर सर्वेक्षणअनुसार ४९ प्रतिशत बुल्गेरियालीहरू अझै युरोको विरोधमा छन् । सन् १९९० को दशकको अत्यधिक मुद्रास्फीति पछि बुल्गेरियाले आफ्नो मुद्रा जर्मन मार्क र पछि युरोसँग बाँधेको थियो । यसले देशलाई युरोपेली केन्द्रीय बैंकमा निर्भर बनाएको छ ।ओपन सोसाइटी इन्स्टिच्युटका वरिष्ठ अर्थशास्त्री जोर्जी एन्जेलोभका अनुसार युरो अपनाएपछि बुल्गेरिया मौद्रिक सङ्घभित्र निर्णय प्रक्रियामा प्रत्यक्ष सहभागी बन्नेछ। सन् २००७ देखि इयु सदस्य रहेको बुल्गेरिया सन् २०२० मा क्रोएसियासँगै युरोको 'वेटिङ रुम' मा प्रवेश गरेको थियो।

इसिबीकी अध्यक्ष क्रिस्टिन लेगार्डले युरोमा सामेल हुने लाभ 'पर्याप्त' रहेको बताउँदै सहज व्यापार, कम वित्तीय लागत र मूल्य स्थिरता मुख्य फाइदा भएको उल्लेख गर्नुभएको छ । उहाँका अनुसार साना तथा मध्यम व्यवसायहरूले मात्रै विनिमय शुल्कमा करिब ५० करोड युरो बचत गर्न सक्छन्। कूल गार्हस्थ्य उत्पादन (जिडिपी) को करिब आठ प्रतिशत हिस्सा ओगटेको पर्यटन क्षेत्र युरोबाट विशेष लाभान्वित हुने अपेक्षा गरिएको छ।

लेगार्डले उपभोक्ता मूल्यमा पर्ने असर सामान्य र अल्पकालीन हुने बताउनुभएको छ । विगतका अनुभवअनुसार यसको प्रभाव ०.२ देखि ०.४ प्रतिशत अङ्कसम्म मात्र हुने अनुमान छ । तर उपभोक्ताहरू पहिले नै मुद्रास्फीतिको चपेटामा परेकाले थप बोझ पर्न सक्ने चिन्ता छ ।राष्ट्रिय तथ्याङ्क संस्थानका अनुसार नोभेम्बरमा खाद्यान्नको मूल्य वार्षिक रूपमा पाँच प्रतिशतले बढेको थियो, जुन युरोजोनको औसतभन्दा धेरै हो । संसद्ले यस वर्ष मूल्यवृद्धि अनुगमन गर्न र युरो परिवर्तनसँग जोडिएका 'अन्यायपूर्ण' मूल्य वृद्धि रोक्न विशेष निरीक्षण संयन्त्र स्थापना गरेको छ।

> यद्यपि विश्लेषकहरु राजनीतिक अनिश्चितताका कारण आवश्यक भ्रष्टाचारविरोधी सुधारहरु ढिलाइ हुने जोखिम रहेको बताउँछन् ।

यद्यपि विश्लेषकहरू राजनीतिक अनिश्चितताका कारण आवश्यक भ्रष्टाचारविरोधी सुधारहरू ढिलाइ हुने जोखिम रहेको बताउँछन् । एन्जेलोभका अनुसार कम्तीमा एक-दुई वर्ष स्थिर सरकार भए मात्रै युरो क्षेत्रबाट प्राप्त हुने लाभलाई पूर्ण रूपमा उपयोग गर्न सकिनेछ।

# एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड यसै महिनमा




काठमाण्डु । जेनजी आन्दोलनका कारण स्थगित भएको एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्डको २२औं संस्करण यसै महिना पोखरामा आयोजना हुने भएको छ ।नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ)द्वारा आइतबार आयोजित पत्रकार सम्मेलनमा मञ्चका अध्यक्ष नीरञ्जन अधिकारीले गत भदौ २९ गते हुने भनिएको अवार्ड कार्यक्रम यही पुस २३ गते आयोजना हुन लागेको हो ।

आइतबारदेखि पिपल्स च्वाइसको रोकिएको डिजिटल भोटिङ प्रक्रिया पनि खुला गरिएको सो अवसरमा जानकारी दिइयो । मञ्चका महासचिव अञ्जन खड्काले भन्नुभयो , "विगतमा पिपल्स च्वाइसको मनोनयन रहेका खेलाडीले जति भोट प्राप्त गरेका थिए । त्यहींबाट भोटिङ प्रकृया सुरु हुनेछ ।" उक्त विधामा उसुका विजय सिन्जाली, क्रिकेटकी पूजा महतो, भलिबलका हिमाल सुनारी, फुटबलकी रेखा पौडेल र टेबलटेनिसकी इभाना थापा रहेका छन् ।

त्यसैगरी स्पोर्ट्स अवार्ड पोखरास्थित पोखरा सभागृहमा हुनेछ। त्यसको अघिल्लो दिन पुस २२ गते पोखरामा एनएसजेएफ स्पोर्ट्स समिट पनि हुने आयोजकले जनाएको छ । मञ्चका अध्यक्ष निरञ्जन अधिकारीले अवार्डलाई चलायनमान बनाउन स्पोर्ट्स समिट हुने र त्यसमा पोखराको पर्यटन र खेलकुद अर्थतन्त्रबारे बहस हुने बताउनुभयो।

एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड २०८१ मा विभिन्न १० विधामा अवार्ड प्रदान गरिने छ । त्यसमा वर्षको उत्कृष्ट खेलाडी पुरुष, वर्षका उत्कृष्ट खेलाडी महिला, वर्षका उत्कृष्ट खेलाडी युवा, वर्ष प्रशिक्षक, पिपल्स च्वाइस अवार्ड, पारा एथलिट सम्मान, स्पेसल अवार्ड, लाइफटाइम एचिभमेन्ट अवार्ड, एसियन स्पोर्ट्स जर्नालिस्ट अवार्ड र टिम अफ द इयर रहेको छ ।वर्ष खेलाडी पुरुष, महिला, पिपल्स च्वाइस, प्रशिक्षक र युवा गरी पाँच विधाका विजेतालाई बजाज पल्सर मोटरसाइकल प्रदान गरिनेछ । अन्य विधाका विजेतालाई जनही रु एक लाख प्रदान गरिनेछ ।रासस

हार्दिक श्रद्धाञ्जली



कलवार कल्याण समिति (चौधरी समाज) जनकपुरधामक पूर्व सचिव समाजसेवी एवं राजनीतिज्ञ नगराईन निवासी श्रद्धेय **श्यामसुन्दर चौधरी** जीक स्वर्गारोहणक खबरसँ समिति परिवार अत्यन्त दुःखी आ मर्माहत अछि ।
हुनक स्वर्गारोहणसँ चौधरी समाजके अपूरणिय क्षति भेल अछि ।
दिवंगत आत्माके वैकुण्ठ वास एवं चिरशान्तिक हेतु हार्दिक श्रद्धाञ्जली अर्पण करैत छी ।
शोकक एहि असीम पिड़ादायी घडीमे शोकसन्तप्त परिवार प्रति हार्दिक समवेदना व्यक्त करैत छी ।

प्रमोद कुमार चौधरी
महासचिव
एवं
सुरेन्द्र प्रसाद चौधरी (मुन्ना)
अध्यक्ष

कलवार कल्याण समिति परिवार (चौधरी समाज)
जनकपुरधाम-७

# सिटिजन्स क्यापिटल लिमिटेडले योजना व्यवस्थापकको लागि रेटिङ्ग प्राप्त

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालको क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि.ले सामूहिक लगानी कोष व्यवस्थापकको रुपमा कार्य गर्दै आईरहेको यस सिटिजन्स क्यापिटल लिमिटेडलाई यस अघिको एएमसी क्वालिटी ३ रेटिङ्गलाई पुनरावलोकन गरी एएमसी क्वालीटि ३ प्लस एएमसी ३ प्लस मा स्तरोन्नति गरी सिटिजन्स क्यापिटलको स्तर बृद्धि पुष्टि गरेको छ।

ईक्रा नेपालले सिटिजन्स क्यापिटल लिमिटेडको सुदृढ व्यवस्थापन संरचना, प्रभावकारी जोखिम व्यवस्थापन, सन्तुलित आन्तरिक नियन्त्रण व्यवस्था तथा लगानी व्यवस्थापन क्षमतामा आएको निरन्तर सुधारलाई आधार मानी उक्त रेटिङ्ग प्रदान गरेको हो ।उक्त रेटिङ्गले कम्पनीको सञ्चालन स्थायित्व, सुशासन अभ्यास,अल्पकालिन तथा दीर्घकालिन लगानी रणनिति, सामूहिक लगानी कोषका योजनाहरुले प्रदान गरेको प्रतिफल र दीर्घकालिन व्यवसायिक सम्भावनालाई सकारात्मक रुपमा प्रतिबिम्बित गर्दछ।

सिटिजन्स क्यापिटल लिमिटेडले नेपालको पूँजी बजारमा व्यवसायिक र विश्वसनीय सेवा प्रदानगर्दै आएको छ। यस कम्पनीले योजना व्यवस्थापक तथा

Citizens Capital Ltd.

डिपोजिटरी, लगानी व्यवस्थापन सेवा, धितोपत्र प्रत्याभुति, धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक, शेयर रजिष्ट्रार सेवार संस्थागत परामर्श सेवा जस्ता विभिन्न सेवाहरू प्रदान गर्दै आएको छ। सिटिजन्स क्यापिटल लिमिटेडमा अध्यक्षश्री राजेन्द्र लाल श्रेष्ठ तथा प्रमुख कार्यकारी अधिकृत सबिर बादे श्रेष्ठ रहेका छन् ।

ईक्रा नेपालबाट एमसी ३ प्लस प्राप्त हुनु कम्पनीको सेवा गुणस्तर, व्यवसायिक दक्षता तथा लगानीकर्ताप्रतिको प्रतिबद्धताको महत्वपूर्ण उपलब्धिको रुपमा लिइएको छ। कम्पनीले आगामी दिनहरुमा पनि पारदर्शिता, सुशासन र लगानी जोखिम व्यवस्थापनमा निरन्तर सुधार गर्दै प्रविधि तथा लगानीमैत्री सेवाहरु सँगै लगानीकर्ताहरुलाई विश्वसनीय तथा प्रतिस्पर्धी सेवाहरु प्रदानगर्दै लगिने छ र निकट भविष्यमा विभिन्न प्रकृतिका सामूहिक लगानीकोषका योजनाहरु सञ्चालन गरिनुका साथै हाल सञ्चालनमा रहेका योजनाहरुमा र लगानी व्यवस्थापनमा उच्च प्रतिफल प्रदानगर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

# सखरखण्डबाट मनग्य आम्दानी

जानकी । रामपति थारु बिहान ४ बजे उठेर घरको काम सबै सक्काएर बगरमा सखरखण्ड खन्न पुग्नुहुन्छ । बाँकेको राप्ती सोनारी गाउँपालिका-६ डाँडाटपरीका थारुको हिजोआज दैनिकी राप्ती नदीको बगरमाथिको चिसो बालुवामा फलाइएको सखरखण्ड खन्नमै बित्ने गरेको छ।

पुसको चिसो बिहान, कुहिरो र सिरेटोबीच रामपति दैनिक जीवनको जिम्मेवारी बोकेर बगरमा आइपुग्नुहुन्छ । छोराछोरीलाई खाना खुवाएर बिहान ८ बजेसम्म उहाँ सखरखण्ड खन्ने ठाउँमा पुग्नुहुन्छ । बिहानदेखि बेलुकासम्म कठोर श्रम गरेर उहाँ दैनिक ६०० रुपैयाँ कमाउनुहुन्छ। "दिनभरिको कमाइले घर व्यवहार चलाउन सकेको छु", उहाँले भन्नुभयो । गाउँकै व्यक्तिले बगरमा सखरखण्ड लगाएका थारुले बताउनुभयो। सखरखण्ड बालुवाबाट केलाएर झेउवामा हाल्ने र बिक्रीका लागि थुप्रो बनाउने काम रामपतिले दिनहुँ गर्नुहुन्छ।

रामपति जस्तै सोही पालिका वडा नम्बर ६ मेहमानपुरका वीरबहादुर थारुको पनि यही दैनिकी बनेको छ। उहाँ पनि राप्ती नदीको बगरमाथिको बालुवामा लगाइएको सखरखण्ड खन्न दिनहुँ आइपुग्नुहुन्छ । दैनिक करिब १० घण्टा काम गरेर उहाँले पनि रामपतिले जस्तै रु ६०० कमाउनुहुन्छ । "घरमा पनि गर्ने खेती नै हो। अहिले खेतीको सिजन छैन। गाउँकै साथीले लगाएको हुनाले खाली समय काम गरेर कमाउन आएको हुँ", उहाँले भन्नुभयो, "दैनिकी ज्याला थोरै भयो । तर खाली बस्नुभन्दा त यही पनि ठूलो कुरो हो।"

जाडो याममा धेरै व्यक्ति आगो तापेर घरभित्रै बस्न चाहन्छन् । तर डाँडाटपरीका नन्कु गदिया भने बिहानै सखरखण्ड खन्न बगरतर्फ लाग्नुहुन्छ । उहाँ पनि रामपति र वीरबहादुर जस्तै दैनिक ज्यालामा काम गरेर परिवारको गुजारा चलाउँदै आउनुभएको छ । सखरखण्ड खनेर कमाएको पैसाले परिवार र घर खर्च जोहो गर्न सहज भएको उहाँ बताउनुहुन्छ । "यो समय यसै पनि किसानहरू खाली बस्ने समय हो । तर यो समयमा सखरखण्ड खनेर भए पनि पैसा कमाउन पाएको छु", उहाँले भन्नुभयो, "यसले मेरो घर खर्च चल्न सजिलो बनाएको छ।"

बिहानको चिसो सिरेटोसँगै रामपति, वीरबहादुर र नन्कु जस्तै अन्य कामदार पनि सखरखण्ड खन्न राप्ती नदीको बगरमा आइपुग्नुहुन्छ । रासस

## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

जिल्ला धनुषा गा.वि.स.तुलसियाही जब्दी वडा नं.१ हाल मुखियापट्टी मुसहरनिया गा.पा. वडा नं. ३ मा बस्ने दर्वी देवीको मु.स.गर्ने अजिम राईन कवारी समेत प्रतिवादी ऐ.ऐ.बस्ने गुलाई कवारीको मु.स.गर्ने जिल्ला महोत्तरी धीरापुर गा.वि.स.वड नं. ८ बस्ने खैरुल खातुन समेत भएको २०५१ सालको वण्डा नं.६१९ को वण्डा मुद्दामा धनुषा जिल्ला अदालतबाट मिति २०५१/०३/०६ मा भएको फैसला, मिति २०५२/०९/२२ को वण्डा मुचुल्का, मिति २०५२/१०/०२ को तामेली आदेश र च.नं.२४८० मिति २०७३/०६/१०, च.नं.०८२-३६-००९०६ र ०८२-३६-००९०७ मिति २०८२/०८/२८ को दा.खा.पत्र समेतका आधारमा स्व.ठकवा कवारीको नाउँमा नापनक्सा भई दर्ता गर्न छुट भएको जि.ध.गा.वि.स.तुल्सीयाही जब्दी वडा नं.२ कि.नं.२७० क्षेत्रफल ०-५-१५-० जग्गामध्ये दक्षिणतर्फबाट ०-१-८-१२ जग्गा अजिम राईन कवारी भन्ने अजिव कवार, अजिम सौ उत्तर ०-०-१४-६ जग्गा खैरुल खातुन र खैरुल सो दक्षिण ०-०-१४-६ जग्गा जैलुम खातुनको अंश भागमा परेकोले हामीहरु आ-आफ्नो अंशभागमा परेअनुसार छुट जग्गा दर्ता दा.खा.गरि पाउँ भनी द.नं.३२६० मिति २०८२/०५/१६ गतेमा यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८२/०९/०८ को आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ। अतः माग दाबी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता दा.खा. गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदावी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनुहोला। सूचना गर्नु होला। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ।

**तपसिल**

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | तुल्सीयाही जब्दी | २ | २७० | ०-५-१५ | जग्गाधनी महलमा ठकवा कवारी मरी हकदार गुलाई कवारी पं.तुल्सीयाही जब्दी बाबु-ठकवा र बाजे-मुसाई र लेप्चे लागेको |

## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि बिकास बैंक लि.उपशाखा कार्यालय कन्चनपुर, सप्तरीको २१ दिने सूचना

यस बैंकको कन्चनपुर सप्तरी कार्यालयबाट तपसिल बमोजिमका ब्यक्तिहरुले निम्न उदेश्यका लागि विभिन्न मितिमा कर्जा लिई हाल सम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेदा गर्दा पनी आल टाल गरी बुझाउनु पर्ने कर्जाको साबा, ब्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनको लागि यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित मिति भित्र पनी रकम दाखिला हुन नआएमा बैंक तथा बित्तिय संस्था सम्बन्धि ऐन २०७३, कृषि बिकास बैंक लि.को कर्जा असुली बिनियमाबली तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखी दिएको धितो लिलाम बिक्री वा अन्य ब्यबस्था गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने ब्यहोरा समेत जानकारी गराउदछौ। साथै तपसिल बमोजिमका ब्यक्तिहरुलाई बैंकबाट कर्जा लिन मंजुरीनामा दिनेहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ।

| क.सं | कर्जा ग्राहकको नाम | मिसिल नं | ठेगाना: गा.बि.स | ठेगाना: वार्ड नं | ग्राहकको पिता /पतीको नाम | ग्राहकको बाजे /ससुराको नाम | कर्जाको उदेश्य | साबा | मासिक ब्याज लाग्नेको २०८२ मंसिर र त्रैमासिक असोज सम्म | जम्मा तिर्नु पर्ने रकम | ग्राहक नं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मधु नारायण यादव | ६४८० | बकधुवा | ५ | राम प्रसाद यादव | कामी यादव | घरायसी | ३००००० | २३३४४ | ३२३३४४ | ६४८३८० |
| २ | जय प्रकाश यादव | ५८८२ | कन्चनरुप | ४ | देव नारायण यादव | शुभ लाल यादव | सरल कृषि | ५००००० | ५९४८२ | ५५९४८२ | ६४७३१२ |
| ३ | असल देवी साह तेली | ६०२६ | बैरवा | १ | दिनेश प्रसाद साह तेली | पञ्ची साह | सरल कृषि | ४५०००० | ६२५६३ | ५१२५६३ | ६४७३५२ |
| ४ | देव चन्द्र यादव | ६८०५ | तिरहुत | ३ | धरमलाल कुशियत यादव | जानकी कुशियत यादव | घरायसी | ४७५००० | २७३२५ | ५०२३२५ | १३३७९६९ |
| ५ | समिला खातुन | ६२८० | रुपनगर | | रोजित मिया | छोटकैन मिया | सरल कृषि | २००००० | १०४८८ | २१०४८८ | ६४८०१२ |
| ६ | श्रीमती डल्लुबत्ती राय | ६९९३ | पोर्ताहा | १ | भुटाई राय | गोसाई राय | सरल कृषि | ६००००० | ३१६१० | ६३१६१० | १९८५२०८ |
| ७ | शिवनाथी मण्डल | ५७४६ | जगतपुर | ६ | अजव मण्डल | गेना मंडल | सरल कृषि | ८००००० | २७६६२ | ८२७६६२ | ६४७७१६ |
| ८ | नाथु गोइतमान यादव | ६२९५ | त्रिकोल | ३ | बच्चालाल गोइतमान यादव | जहुरी गोइतमान यादव | सेवा कर्जा | १०००००० | ४५६६९ | १०४५६६९ | ६४८०४४ |
| ९ | चन्द्रकला देवी राय | ४८२२ | पोर्ताहा | ३ | बच्चा राय | दुलाई राय | सरल कृषि | २००००० | १९८७५ | २१९८७५ | ६४७१६५ |
| १० | मुन्नी देवी झा | ६१९४ | बरमझिया | ४ | कुशेश्वर झा | जगरुप झा | घरायसी | १०००००० | ४८०७१ | १०४८०७१ | ६४७८४४ |
| ११ | सावित्री देवी पघैया | ४६३६ | पोर्ताहा | ४ | कवितलाल यादव | बासुदेव पघैया | व्यापार | ९७५००० | २९७०१ | १००४७०१ | ६४७४८९ |
| १२ | सुमित्रा देवी | ५९७५ | हनुमाननगर | ३ | बेचु गोठिया | शान्ती गोठिया | सरल कृषि | २००००० | ७६५९ | २०७६५९ | ६४८३६६ |
| १३ | भोटे चौधरी | ५९७९ | जण्डौल | ७ | बसीलाल चौधरी | भुटइ चौधरी | घरायसी | ४००००० | १९६४१ | ४१९६४१ | ६४७१४४ |
| १४ | लक्ष्मी प्रसाद चौधरी | ६८८४ | अग्नीसाईर | १ | त्रिभुवन चौधरी | गोर्वधन चौधरी | घरायसी | ८५०००० | २९८४७ | ८७९८४७ | १७४५३२६ |
| १५ | विन्देश्वर कौडकिया यादव | ६५१० | कन्चनरुप | ५ | जोगधर कौडगिया यादव | प्यारै कौडिगिया यादव | घरायसी | ४३०००० | ५०८५४ | ४८०८५४ | ६४८४४४ |
| १६ | धर्मलाल यादव | ४१७८ | बदगामा | २ | बलदेव बहरखेर यादव | हिताइ यादव | सरल कृषि | ९००००० | ३४८३२ | ९३४८३२ | ६४७५१३ |
| १७ | भरत यादव | ६७५० | कन्चनरुप | २ | बच्चु यादव | शान्ती यादव | सरल कृषि | २१९००० | २१३०८ | २४०३०८ | १२१९३६० |
| १८ | बालकृष्ण लगरवार | ४५८९ | त्रिकोल | ३ | सिताराम लगरवार | नन्दी लाल | सरल कृषि | ५००००० | १६९५६ | ५१६९५६ | ६४८४०१ |
| १९ | भेदानन्द यादव | ७०८० | हनुमाननगर | ३ | हरिदेव साह | पुरन साह | व्याक्तिगत ओ.डी | १०००००० | १८१७३ | १०१८१७३ | ५४९८९३२ |
| २० | घुरन खंग | ६४२८ | ठेलिया | ७ | बौवा लाल खंग | मंगल खंग | घरायसी | ३५०००० | १९१६५ | ३६९१६५ | ६४८२९७ |
| २१ | राजेन्द्र प्रसाद यादव | ६७१७ | लोहजारा | २ | रवि मरिक यादव | भौली यादव | घरायसी | ७००००० | ३०१२२ | ७३०१२२ | ११९२७२५ |
| २२ | आशा होटल | ७०१७ | कन्चनरुप | ३ | आशा कुमारी/रामनारायण | जयनारायण साह | सेवा कर्जा | २०००००० | ७३५८६ | २०७३५८६ | ५३३०२१३ |
| २३ | भोगेन्द्रध्वज कार्की | ६५८० | सप्तकोशी | १ | दिव्यध्वज कार्की | इन्द्र ध्वज कार्की | सरल कृषि | ३००००० | ११५२० | ३११५२० | ६४८५७० |
| २४ | प्रयास अनलाइन फेसन स्टोर | ६९२५ | अग्नीसाईर | १ | सरोज/कृष्णबहादुर मगर | निरबहादुर मगर | व्यापार | १९००००० | ५१५२० | १९५१५२० | ५३३९६१७ |
| २५ | ललन कुमार यादव | ६९५८ | तिरहुत | ३ | तेज नारायण भिन्वार | जदु भिन्वार | सरल कृषि | ९००००० | २३१५२ | ९२३१५२ | १८५०५२१ |
| २६ | शिव नारायण साह तेली | ६८७८ | तिरहुत | ५ | बलदेव साह तेली | चौधरी साह | सरल कृषि | ७०५००० | २१७४२ | ७२६७४२ | १७२६६६५ |
| २७ | विन्देश्वर प्रसाद चौधरी | ६४४३ | कन्चनरुप | ११ | अमरसिह चौधरी | रामलाल चौधरी | सरल कृषि | ७५०००० | २२५११ | ७७२५११ | ६४८३१७ |
| २८ | पुष्पेन्द्र प्रसाद गुप्ता | २९५५ | कन्चनरुप | २ | रामेश्वर प्र.गुप्ता | बैजनाथ | घरायसी | ५२०००० | १८६४८ | ५३८६४८ | ६४७८३३ |
| २९ | डम्बर लाल मसैता यादव | २९४७ | त्रिकोल | ७ | वासुदेव मसैता | बुनी मसैता | सरल कृषि | १०००००० | ६२६३८ | १०६२६३८ | ६४७४७१ |
| ३० | जयकृष्ण लगरवार | ४७३६ | त्रिकोल | ३ | सिताराम लगरवार | नन्दी लाल | घरायसी | ४००००० | १३७०९ | ४१३७०९ | ६४७६३१ |
| ३१ | राम पंडित कुमाल | ६७८१ | कन्चनरुप | २ | बच्चालाल कुम्हाल | नेवालाल पंडित | घरायसी | १०००००० | ६२०२७ | १०६२०२७ | १३१७०३९ |
| ३२ | धर्मी यादव | ७०४७ | हनुमाननगर | ३ | रुखर यादव | फुदन यादव | सेवा कर्जा | १०००००० | २५६९८ | १०२५६९८ | ५३९७४३३ |
| ३३ | जुगल मण्डल | ६९३४ | बरमझिया | ४ | थरुनी मण्डल | लालधारी मण्डल | सरल कृषि | ५००००० | १५८२० | ५१५८२० | १८०१६४१ |
| ३४ | परमलाल बहरखेर यादव | ६८७४ | कन्चनरुप | १० | बलदेव बहरखेर | हिताई बहरखेर | सरल कृषि | ५५०००० | १४६६५ | ५६४६६५ | १६८०४९५ |
| ३५ | हरिनारायण यादव गोइतमान | ६८९२ | तिरहुत | १ | असर्फी गोइतमान | जोहरी गोइतमान | सरल कृषि | ९००००० | २५०१५ | ९२५०१५ | १७४२६९६ |
| ३६ | मिना पशुपालन तथा कुखुरा फर्म | ६८५१ | कन्चनरुप | ७ | मिनाकुमारी/भरतप्रसाद | हरिचन चौधरी | सरल कृषि | १०००००० | २०२७६ | १०२०२७६ | १५२६१७७ |
| ३७ | शान्ति देवी सुतिहार | ६२८५ | ठेलिया | ६ | विनोद कुमार सुतियार | रामकिसुन सुतियार | सरल कृषि | १०००००० | २२०२२ | १०२२०२२ | ६४८०२० |
| ३८ | जीवनारायण चौधरी थारु | ७०३४ | ठेलिया | १ | मानपुर चौधरी | भुटन चौधरी | सरल कृषि | १०१०००० | १९६५७ | १०२९६५७ | ६४७५११ |
| ३९ | विरेन्द्र कुमार यादव | ६३१५ | बदगामा | १ | सिताराम यादव | खटर यादव | घरायसी | ५५०००० | १३२०८ | ५६३२०८ | ६४८०७७ |
| ४० | श्रवण कुमार दास | ६३०९ | बरमझिया | ७ | पशुपती दास तत्मा | जेडी दास | सरल कृषि | ४००००० | ९४३५ | ४०९४३५ | ६४८०६३ |
| ४१ | रामशेखर गोइत | ५९९१ | त्रिकोल | १ | कपिलेश्वर यादव | हिरालाल यादव | घरायसी | १६००००० | ४०१२३ | १६४०१२३ | १७९५३८८ |
| ४२ | विना कुमारी ठाकुर | ६८३९ | कन्चनरुप | ७ | झारी ठाकुर | फौदी ठाकुर | घरायसी | ६५०००० | १४२०९ | ६६४२०९ | १५१०२०५ |
| ४३ | अनिता कुमारी देवी ठाकुर | ६८८५ | कन्चनरुप | ६ | विलट ठाकुर हजाम | विहारी ठाकुर | घरायसी | ७००००० | २०४२७ | ७२०४२७ | १७२६७०१ |
| ४४ | बलदेव महत्मान | ३०६१ | गोइठी | २ | खिखर महत्मान | गोविन्द महत्मान | घरायसी | ४००००० | ११२४० | ४११२४० | ६४७१३२ |
| ४५ | जमिला शेखाइन | ६८८८ | कन्चनरुप | १ | बौकाई शेख | रसुल शेख | घरायसी | ८००००० | ४५३२३ | ८४५३२३ | १७४०६५८ |
| ४६ | कृष्ण कुमार यादव | ६४०० | जगतपुर | ३ | देवी लाल यादव | रसी लाल यादव | घरायसी | ४००००० | ११३५६ | ४११३५६ | ६४८२५५ |
| ४७ | योगेन्द्र प्रसाद साह तेली | ६६३८ | बैरवा | १ | दोरिकलाल साह | जया साह | घरायसी | ७००००० | १६९१२ | ७१६९१२ | ११०१९९९ |
| ४८ | पानो देवी | ७०५४ | तिरहुत | ३ | मुगालाल शर्मा | शान्ति शर्मा | सेवा कर्जा | १०००००० | २०७७९ | १०२०७७९ | ५४०२७०२ |
| ४९ | पुष्पा देवी अमात्य | ७०१९ | हनुमाननगर | ३ | इन्द्रानन्द राय | गौरीलाल राय | सरल कृषि | ८००००० | १७००२ | ८१७००२ | ५३२६२४५ |
| | | | | | | | जम्मा: | ३५४८४००० | १३५८५६७ | ३६८४२५६७ | |

**कृषि विकास कार्यालय**
**मधेश प्रदेश कार्यालय, जनकपुरधाम**

## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८२/०९/१४ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय जनकपुर, धनुषाबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

| बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति/समय |
|---|---|
| २०८२/०९/२० गते/स्थान : शाखा कार्यालय जनकपुर, धनुषा | २०८२/०९/२२ गते, मंगलबार दिनको ३ बजे |

**क्र.सं. १.**

**ऋणीको नाम, ठेगाना**

**नाम : जय हनुमान ट्रेर्डस**
नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग
द.नं. ७९०१/१६/०७२/०७३, दर्ता मिति : २०७२/०४/१०,
पान नं. ६०३२९३९८०, दर्ता मिति २०७२/०४/१०
ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ८
**प्रोप्राइटर : ललित कुमार वम यादव**

**नाम : एल.वि. मसला उद्योग**
जनकपुर उ.म.न.पा.,उप महानगरपालीकाको कार्यालय, उद्योग विकास शाखा, जनकपुर, धनुषा
द.नं. ९४९८/२४६/०७४/०७५, दर्ता मिति : २०७४/०९/०२,
पान नं. ६०७३४४०५७, दर्ता मिति : २०७४/०९/२०
ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ८
**प्रोप्राइटर : हेम कला देवी**

**नाम : जयन्ती मत्स्य तथा पसुपालन फर्म**
प्रदेश सरकार, प्रदेश नं. २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोत्तरी
द.नं. ६४११/१४७/०७५/०७६, दर्ता मिति : २०७६/०२/२८, पान नं. ६१०७७८९१७, दर्ता मिति : २०७६/०२/२९
ठेगाना : महोत्तरी जिल्ला, औराही गा.पा. वडा नं. ७, **प्रोप्राइटर : विजेता कुमारी**

**ऋणी तथा जमानतकर्ताको विवरण**

**नाम : नवल किसोर राय यादव**
ना.प्र.नं. ८६२६०५९१, जि.प्र.का. महोत्तरी, जारी मिति : २०३०/०७/२४
बाबुको नाम : विजलाल राय, बाजेको नाम : सोनी राय
ठेगाना : महोत्तरी जिल्ला, श्रीपुर गा.वि.स. वडा नं. ४, हाल : महोत्तरी जिल्ला, औराही गा.पा. वडा नं. ५

**जमानतकर्ताको विवरण**

**१. नाम : विर अभिमन्यु यादव**
ना.प्र.नं. १८२०५४/१०३, जि.प्र.का. महोत्तरी
जारी मिति : २०६५/०६/०८
बाबुको नाम : नवल किसोर राय यादव
बाजेको नाम : विजलाल राय
ठेगाना : महोत्तरी जिल्ला, श्रीपुर गा.वि.स. वडा नं. ४
हाल : महोत्तरी जिल्ला, औराही गा.पा. वडा नं. ५

**२. नाम : विजेता कुमारी**
ना.प्र.नं. १७३०२८/१७४, जि.प्र.का. महोत्तरी
जारी मिति : २०६३/११/१५,महोत्तरी
पतिको नाम : ललित कुमार वम यादव
ससुराको नाम : नवल किसोर राय यादव
ठेगाना : महोत्तरी जिल्ला, श्रीपुर गा.वि.स. वडा नं. ४
हाल : महोत्तरी जिल्ला, औराही गा.पा. वडा नं. ५

**३. नाम : ललित कुमार वम यादव**
ना.प्र.नं. ८६२६५२५८, जि.प्र.का. महोत्तरी
जारी मिति : २०६३/०८/०४
बाबुको नाम : नवल किसोर राय यादव
बाजेको नाम : विजलाल राय
ठेगाना : महोत्तरी जिल्ला, श्रीपुर गा.वि.स. वडा नं. ४
हाल : महोत्तरी जिल्ला, औराही गा.पा. वडा नं. ५

**४. नाम : हेम कला देवी**
ना.प्र.नं. ८६२६३१०२, जि.प्र.का. महोत्तरी
जारी मिति : २०४३/१०/१०
पतिको नाम : नवलकिसोर राय यादव
ससुराको नाम : विजलाल राय
ठेगाना : महोत्तरी जिल्ला, श्रीपुर गा.वि.स. वडा नं. ४
हाल : महोत्तरी जिल्ला, औराही गा.पा. वडा नं. ५

**धितोको विवरण**

१. नवल किसोर राय यादवको नाममा मालपोत कार्यालय धनुषा, जनकपुमा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ८ स्थित कि.नं. २३८ को क्षेत्रफल ०-०-८-० (विगाह) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
२. नवल किसोर राय यादवको नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, श्रीपुर गा.वि.स. वडा नं. ४ ख स्थित कि.नं. १६४ को क्षेत्रफल ०-८-७-० (विगाह) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
३. ललित कुमार बम यादवको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, श्रीपुर गा.वि.स. वडा नं. ४ क स्थित कि.नं. २४९ को क्षेत्रफल ०-५-३-० (विगाह) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
४. हेमकला देवीको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, भोइल टिमकिया वडा नं. ३ क स्थित कि.नं. ३३१ र ६२० को क्षेत्रफल क्रमशः ०-८-०-० र १-९-१३-१/४ (विगाह) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१०
शाखा कार्यालय : जनकपुर, धनुषा फोन नं. ०४१-५९०६२५
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# मधेशमा ४ लाख बढी मतदानबाट वञ्चित




**सुभाष कर्ण**

जनकपुरधाम । निर्वाचन आयोगले आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि अन्तिम मतदाता नामावली प्रकाशन गरेको छ।

आयोगले अन्तिम नामावली स्वीकृत गर्दै विवरण सार्वजनिक गरेको तथ्यांक अनुसार यस पटकको निर्वाचनमा कुल १ करोड ८९ लाख ३ हजार ६ सय ८९ मतदाताले मतदान गर्न पाउनेछन् ।

२०८२ फागुन २० गतेसम्म १८ वर्ष उमेर पूरा हुने नागरिकहरूको विवरण अद्यावधिक गरी तयार पारिएका नामावली अनुसार मधेश प्रदेशमा ३६ लाख ३६ हजार ४१३ मतदाता दर्ता भएका छन भने निर्वाचनका लागि २ हजार १६० मतदान केन्द्र र ४ हजार ४७१ मतदान केन्द्र मतदान केन्द्र कायम गरिएको छ।

निर्वाचन आयोगको मधेश प्रदेश कार्यालयका अनुसार तयार पारिएको अभिलेख अनुसार पुरुपतर्फ १९ लाख ७२ हजार ९६४ र महिलातर्फ १६ लाख ६३ हजार ३७४ सहित अन्यतर्फ ७६ मतदाताको नामावली थप तथा अद्यावधिक गरिएको छ।

२०७९ सालमा सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा मधेश प्रदेशमा पुरुषतर्फ १५ लाख ७७ हजार ३१७, महिलातर्फ १३ लाख ३२ हजार ६४० र अन्यतर्फ ६६ गरी कुल २९ लाख १० हजार २३ मतदाता रहेको थियो । पछिल्लो पटक दर्ता गरिएका मतदाता मध्ये ७ लाख २६ हजार ३९१ मतदता थपिएको छ।

पछिल्लो पटकको मतदाता नामावली दर्तामा ७ लाखभन्दा बढी मतदाता थपिएपछि मधेश प्रदेशमा अहिलेपनि नागरिकता आभावमा लाखौ मतदाता मतदानबाट वञ्चित हुने भएका छन् ।

पछिल्लो पटकको दर्ता भएका मतदाता नामावली र २०७८ सालको जनगणना विवरणको तुलना गर्दा साढे ४ लाखबढी नागरिक नागरिकता आभावमा मतदानबाट वञ्चित हुने भएका छन् । जनगणना अनुसार मधेशमा १५ वर्षदेखि ८४ वर्षसम्मको उमेर समूहको जनसंख्या ४० लाख ८४ हजार ३५८ रहेकोमा मतदाता नामावलीमा ३६ लाख ३६ हजार ४१४ जनाको नाम मात्र दर्ता भएको छ।

पटक पटक नागरिकता समस्या समाधान गरिएपनि बुवा बितेका, जन्मसिद्धको सन्तानलाई नागरिकता बनाउन आमा र बुवा दुवै अनिवार्य गरिएको व्यवस्था, परिवारमै कसैको नागरिकता नभएको लगायतका विभिन्न कारणले ती व्यक्तिसहित तिनका सन्तानहरु नागरिकताबाट वञ्चित हुनु परेको अवस्था मधेश प्रदेशमा विद्यमान रहेको छ।

हुनत यी समस्याहरुको मध्ये नजर गर्दै संघीय सरकारले नागरिकता ऐन संशोधन गरेको तीन महिनाभन्दा बढी समय बितिसकेपनि नियमावली संशोधन हुन नसक्दा समस्या यथावत नै छ। ऐन संशोधन भए लगतै नागरिकताविहिनहरु दैनिक रुपमा जिल्ला प्रशासन कार्यालयहरुमा जाने गरेका छन् । तर नियामावली संशोधन नभई आएको भनी फर्काउने गरेको छ।

उता गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले मन्त्रालयबाट नागरिकता नियमावली चौथो संशोधन पछिल्लो साता मन्त्रिपरिषद्को बैठकबाट नियमावली संशोधन स्वीकृत भईसकेको चाँडै नै सो नियमावली अनुसार कार्यविधि बनाई जिल्ला प्रशासन कार्यालयहरुमा पठाई कार्यान्वयनका लागि निर्देशन दिइने बताएका छ्न ।

संशोधित ऐन र नियमावली कार्यान्वयनमा आएपछि नागरिकताविहिनहरुले नागरिकता पाएपनि आउंदो निर्वाचनमा उनीहरु मतदानबाट वञ्चित हुनेछ । तर निर्वाचन आयोगले कुनै नयाँ नियम ल्याएपछि उनीहरु सहभागी हुन सक्छन नभए मतादनबाट वञ्चित हुनेछन् ।

# डीपीआरको नाममा करोडौ रकमको खेल

**महालेखापरीक्षकको प्रतिवेदन अनुसार आव २०७४/७५ देखि २०८०/८१ सम्म सात वर्षमा मधेश प्रदेशमा १९ करोड ७२ लाख रुपैयाँभन्दा बढी रकम डीपीआर निर्माणको नाममा खर्च गरिएको छ । तर, यस अवधिमा तयार गरिएका अधिकांश डीपीआर कार्यान्वयनमा नआएको महालेखाको ठहर छ ।**



**टुडे समाचारदाता**

जनकपुरधाम । विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) को नाममा मधेश प्रदेश सरकारले करोडौ रकम खर्च गरेको पाइएको छ।

मधेश प्रदेशका मन्त्रालयहरूमा विकास आयोजना कार्यान्वयनभन्दा पनि डिपीआरको नाममा बर्सेनि करोडौं रुपैयाँ खर्च गरेका छन् । तर तयार पारिएका ती डीपीआरहरू कार्यान्वयनमा नआउँदा प्रदेशको सार्वजनिक स्रोत दुरुपयोग भइरहेको महालेखा परीक्षकको कार्यालय ठहर गर्दै आएको छ।

महालेखापरीक्षकको प्रतिवेदन अनुसार आव २०७४/७५ देखि २०८०/८१ सम्म सात वर्षमा मधेश प्रदेशमा १९ करोड ७२ लाख रुपैयाँभन्दा बढी रकम डीपीआर निर्माणको नाममा खर्च गरिएको छ । तर, यस अवधिमा तयार गरिएका अधिकांश डीपीआर कार्यान्वयनमा नआएको महालेखाको ठहर छ।

आव २०८०/८१ मा प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले २६ प्याकेजमा तीन करोड २६ लाख रुपैयाँभन्दा बढी खर्च गरी डीपीआर तयार गरायो । सडक, पुल र भवनसम्बन्धी ती सबै डीपीआर सोझै खरिद विधिबाट परामर्शदातालाई दिइएका थिए । तर, कुनै पनि योजना कार्यान्वयन भएन ।

त्यसैगरी, आव २०७९/८० मा ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयले करिब एक करोड रुपैयाँ खर्चेर खानेपानी संरचनाका डीपीआर बनायो । खानेपानी संरचनाका लागि नौ परामर्शदातामार्फत ३८ लाख रुपैयाँ खर्चेर डीपीआर र लागत अनुमान तयार गरायो । सोही वर्ष १० वटा फर्मलाई थप ६१ लाख ४७ हजार रुपैयाँ भुक्तानी गरियो । प्रतिस्पर्धा बिना परामर्शदाता छनोट गरिएको र डीपीआरअनुसार काम अघि नबढेको महालेखापरीक्षकले खर्च पूर्णतः व्यर्थ भएको ठहर गरेका छन् ।

भौतिक पूर्वाधार विकास मन्त्रालयले सोही वर्ष विभिन्न खोलामा पुल निर्माण र मधेस सहिद मार्गको सम्भाव्यता अध्ययनमा एक करोड ५५ लाख रुपैयाँ खर्च गऱ्यो । तर, ती सम्भाव्यता अध्ययनका सबै प्रतिवेदन हालसम्म मन्त्रालयमा पेस नै भएका छैनन् ।

प्रदेश आर्थिक कार्यविधि ऐनले १० लाखभन्दा माथिका योजनामा डीपीआर अनिवार्य गरे पनि स्रोत सुनिश्चितता नभएका, अव्यावहारिक र असम्भव योजनाका डीपीआर बनाउने क्रम रोकिएको छैन । महालेखाले पटक-पटक उपयोगिता नदेखिने डीपीआरमा रोक लगाउन सुझाव दिए आएपनि प्रदेश सरकारका मन्त्रालयहरुले त्यसको बेवास्ता गर्दै आएको छ।

चालु आव २०८२/८३ मा समेत सरकार यस्तै हावादारी योजनाको डीपीआर बनाउने तयारीमा छ । चालु आवमा मात्रै विभिन्न मन्त्रालय र निकायले ६० भन्दा बढी डीपीआर बनाउन २९ करोड रुपैयाँभन्दा बढी बजेट विनियोजन गरेका छन् । कार्यान्वयन सुनिश्चित नभए यी डीपीआर पनि अघिल्लाकै सूचीमा थपिने निश्चित देखिन्छ।

उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयले ढल्केबर-जटही सडकको दुवैतर्फ पर्खाल निर्माण र प्रदेशका आठै जिल्ला सदरमुकाम जोड्ने पोड-वे जस्ता अव्यावहारिक योजनाका लागि करोडौं रुपैयाँ डीपीआरमै छुट्याएको छ भने भौतिक पूर्वाधार विकास मन्त्रालय समेतले पनि पुल, सडक र भवनसम्बन्धी अनुसन्धान तथा परामर्श शीर्षकमा करिब एक करोड ४० लाख रुपैयाँ विनियोजन गरेको छ । तर त्यो कहाँ बनाउने यकिन छैन ।

पूर्वमन्त्रीदेखि कर्मचारीसम्मको एउटै स्वीकारोक्ति छ– डीपीआर कमिसनको आकर्षक माध्यम बनेको छ । पूर्वभौतिक पूर्वाधारमन्त्री रामसरोज यादव भन्छन् ‘ भौतिक पूर्वाधार विकास मन्त्रालयमै धेरै डिपीआर बनेका छन् । तर त्यो आफ्नो कार्यकालमा नभई अघि र पछिका कार्यकालका मन्त्रीहरुले बनाएका हुन । श्रोत सुनिश्चित नभई डिपीआर बनाउने नमिल्ने हो । तर कमीशनकै लागि मन्त्री र सचिवको मिलेमतोमा विगतमा डिपीआर बनाइएको देखिन्छ ।

भौतिक पूर्वाधार मन्त्रालयका प्रवक्ता प्रवीणप्रताप अधिकारी विगतमा विकृति भएको स्वीकार गर्दै अहिले सुधारको प्रयास भइरहेको बताउंछन् । तर, बजेट किताबमै स्रोत सुनिश्चितताविना दर्जनौं डीपीआर राखिनुले सरकारको प्रतिबद्धतामाथि प्रश्न उठाएको छ।

मधेश प्रदेशमा डीपीआर विकासको आधार बन्नुको साटो कमिसनको औजार बन्दै गएको कार्यान्वयनमा नआएको गतिविधि र महालेखाको प्रतिवेदनले देखाउंछ । जबसम्म स्रोत सुनिश्चितता, पारदर्शी प्रतिस्पर्धा र समयमै कार्यान्वयन अनिवार्य गरिँदैन, तबसम्म डीपीआरमा करोडौं खर्चिनु प्रदेशका लागि विकास होइन आर्थिक अपराधको रुपमा लिन सकिन्छ।

मन्त्रालयका कर्मचारीहरूले विगतमा डिपीआरहरु बनेको स्वीकार्छन । तर जेन-जी आन्दोलनका क्रममा मन्त्रालयमा भएको आगजनीले डीपीआरसम्बन्धी धेरै कागजात जलेको कारण अभिलेख मिल्न गाह्रो छ । यसले अनियमितता ढाकछोप गर्न सहज वातावरण बनाएको आशंका थप बलियो बनेको छ।

# करदाता सेवा कार्यालय सार्ने विरुद्धमा धर्ना

**टुडे समाचारदाता**

रौतहट । रौतहट सदरमुकाम गौरस्थित करदाता सेवा कार्यालयलाई बाराको सिमरामा स्थानान्तरण गर्ने नेपाल सरकारको निर्णयविरुद्ध स्थानीय स्तरमा व्यापक विरोध सुरु भएको छ।




निर्णयको विरोधमा रौतहट उद्योग वाणिज्य संघको अगुवाइमा आजदेखि करदाता सेवा कार्यालयको मूल गेटमै धर्ना कार्यक्रम सुरु गरिएको हो ।

धर्नामा सहभागीहरूले गौरमै आफ्नै भवन र सबैलाई पायक पर्ने स्थानमा रहेको कार्यालय हटाएर ११३ किलोमिटर टाढा सिमरा सार्ने निर्णय अव्यावहारिक र जनविरोधी भएको बताएका छन्। उनीहरूले यसबाट जिल्लाका उद्योगी, व्यवसायी तथा सर्वसाधारण करदातालाई ठूलो असुविधा हुने उल्लेख गर्दै निर्णय तत्काल फिर्ता लिन सरकारसँग माग गरेका छन् ।

धर्नामा बोल्दै प्रदेश सभा सदस्य नागेन्द्र साहले राज्यले करदातालाई सहुलियत दिनुपर्नेमा उल्टै झन्झट थप्ने निर्णय गरेको भन्दै आपत्ति जनाएका छन्।उनले उक्त निर्णय खारेज गरी यथास्थितिमा कार्यालय कायम राख्न आफूले सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् ।

नेकपा नेता रेवन्त झाले करदाता सेवा कार्यालयको आफ्नै घरजग्गा हुँदाहुँदै अन्यत्र सार्ने निर्णय गलत भएको भन्दै कर कार्यालय गौरमै रहनुपर्ने धारणा राखेका छन्। लोसपाका नेता अनिल सिंहले करदाता सेवा कार्यालय सार्ने निर्णयलाई मधेसमाथिको विभेदको निरन्तरता भन्दै विरोध जनाएका छन् । उनले सरकार वार्ताबाट समाधान खोज्न तयार नभए संघर्ष चर्किने चेतावनी दिएका छन् ।

निर्माण व्यवसायी संघका कोषाध्यक्ष विकास विक्रान्त नेपाल (पालु) ले सयौं व्यापारीलाई अनावश्यक झन्झटमा पार्ने निर्णय नसच्याइए रिले अनशनलगायत थप कडा आन्दोलनमा जान बाध्य हुने बताएका छन् ।

पूर्व प्रदेश सभा सदस्य तथा पूर्व नगरप्रमुख बाबुलाल साहको नेतृत्वमा सर्वदलीय तथा सर्वपक्षीय समितिले धर्ना प्रदर्शनलाई निरन्तरता दिएको छ। साहले करदाता सेवा कार्यालय सिमरा सार्ने निर्णयविरुद्ध बाध्य भएर आन्दोलनमा उत्रिनुपरेको बताएका छन् ।

रौतहट उद्योग वाणिज्य संघका महासचिव सन्तोष केसरीका अनुसार राजनीतिक दल, नागरिक समाज, उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी संघ तथा सञ्चारकर्मीहरूको सहभागितामा धर्ना भइरहेको छ। उनले सरकारको निर्णयले करदातामाथि राज्यको विभेदपूर्ण व्यवहार देखिएको भन्दै निर्णय पुनर्विचार गर्न दबाब दिने उद्देश्यले आन्दोलन गरिएको बताएका छन् ।

# विरोध ऱ्याली




**टुडे समाचारदाता**

लहान । बंग्लादेशमा हिन्दू युवकको निर्मम हत्या गरिएको घटनाको कडा विरोधमा सिराहाको गोलबजारमा राष्ट्रिय एकता अभियानद्वारा विरोध ऱ्याली तथा प्रदर्शन गरिएको छ।

राष्ट्रिय एकता अभियान सिराहा जिल्ला अध्यक्ष हेमंत सिंहको नेतृत्वमा सम्पन्न उक्त प्रदर्शनमा राष्ट्रिय एकता दलका केन्द्रीय सदस्यहरू रामनाथ सनातनी तथा कासिंन्द्र यादवले राखेका छन् ।

प्रदर्शनका क्रममा आक्रोशित कार्यकर्ताहरूले पूर्व-पश्चिम राजमार्ग अवरुद्ध गर्दै केही बेर चक्काजाम समेत गरेका थिए । प्रदर्शनकारीहरूले "हिन्दूको हत्या बन्द गर", "अल्पसंख्यकको सुरक्षा सुनिश्चित गर", "मानवअधिकारको सम्मान गर" लगायतका नारा लगाएका थिए।

कार्यक्रमलाई सम्बोधन गर्दै केन्द्रीय सदस्य रामनाथ सनातनीले भने, "बंग्लादेशमा बारम्बार हिन्दू अल्पसंख्यकहरूमाथि भइरहेको हत्या र अत्याचार मानवतामाथिको गम्भीर प्रहार हो। अन्तर्राष्ट्रिय समुदायले यस विषयमा मौन बस्नु हुँदैन।"

त्यस्तै केन्द्रीय सदस्य कासिंन्द्र यादवले आफ्नो मन्तव्यमा भने, "हिन्दू युवाको निर्मम हत्या केवल एक व्यक्तिको हत्या होइन, यो सम्पूर्ण मानव अधिकार र धार्मिक स्वतन्त्रतामाथिको हमला हो। बंगलादेश सरकारले अल्पसंख्यकहरूको सुरक्षा गर्न असफल भएको स्पष्ट देखिन्छ।"

प्रदर्शनको नेतृत्व गरेका जिल्ला अध्यक्ष हेमंत सिंहले भने, "हामी शान्तिपूर्ण आन्दोलनमार्फत बंगलादेश सरकारलाई अल्पसंख्यकको जीवन र सुरक्षाको ग्यारेन्टी गर्न दबाब दिन चाहन्छौं। यस्ता घटनाको अन्त्य नभएसम्म हाम्रो संघर्ष जारी रहनेछ।"

राष्ट्रिय एकता अभियानले बंगलादेश सरकारसँग दोषीमाथि कडा कारबाही गर्न, अल्पसंख्यक समुदायको सुरक्षा सुनिश्चित गर्न तथा मानवअधिकारको सम्मान गर्न माग समेत गरेको छ।

# मितेरी पुल क्षेत्रको निरीक्षण

**टुडे समाचारदाता**

वीरगञ्ज । सशस्त्र प्रहरी बल नेपालका वर्तमान प्रहरी महानिरीक्षक राजु अर्यालले बिरगंज-रक्सौलस्थित अन्तर ाष्ट्रिय मितेरी पुल क्षेत्र वरिपरि गरिएको सौन्दर्यकरण कार्यको स्थलगत निरीक्षण गरेका छन् ।



निरीक्षणका क्रममा उनले सीमा क्षेत्रको सुरक्षा, सरसफाइ तथा व्यवस्थित पूर्वाधार विकासलाई थप प्रभावकारी बनाउनु पर्नेमा जोड दिँदै सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिएका छन ।

महानिरीक्षक अर्यालले नेपाल-भारत सीमा क्षेत्र देशको पहिचानसँग जोडिएको संवेदनशील स्थान भएको उल्लेख गर्दै यहाँको वातावरणीय सौन्दर्य, स्वच्छता र सुरक्षा व्यवस्थापन सुदृढ हुन जरुरी रहेको बताए ।

उनले सीमा क्षेत्रमा हरियाली प्रवर्द्धन, सार्वजनिक स्थानको संरक्षण तथा दीर्घकालीन व्यवस्थापनमा सबै सरोकारवाला निकायबीच समन्वय आवश्यक रहेको धारणा व्यक्त गरे । हामी सबैको जीवनमा हरियाली र प्रकृतिको महत्व अनमोल रहेको सन्देशसहित बीरगंज महानगरपालिका, ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्र, आदर्शनगर तथा सशस्त्र प्रहरी बल १३ नम्बर गण, बिरगंजको संयुक्त आयोजनामा सञ्चालन गरिएको अभियानले बिरगंजलाई हराभरा, स्वच्छ र वातावरणमैत्री सहर बनाउने लक्ष्यलाई थप बल पुगेको आयोजकहरूले बताएका छन् ।

उनीहरूका अनुसार यस अभियानमार्फत सीमा क्षेत्रमा सकारात्मक सन्देश फैलिनुका साथै स्थानीय समुदायको सहभागिता समेत बढ्दै गएको छ । सम्पन्न निरीक्षण कार्यक्रममा बीरगंज महानगरपालिकाका नगरप्रमुख मेयर राजेशमान सिंह, सशस्त्र प्रहरीका एसपी पुरन चन्द भट्ट, सशस्त्र प्रहरीका डीएसपी पुरुषोत्तम भण्डारी, ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्र, आदर्शनगरका अध्यक्ष प्रकाश खेतान, वडा प्रहरी कार्यालय बिर्ताका प्रहरी प्रमुख प्रहरी निरीक्षक बिक्रम सुवेदी, रक्सौलका सिमा सुरक्षाबलका पदाधिकारी लगायत सामुदायिक प्रहरीका पदाधिकारी, बीरगंज महानगरका नगरप्रहरी, सशस्त्र प्रहरीका प्रतिनिधि तथा सर्वसाधारण नागरिकहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

# सभुखलाई सम्मान

**टुडे समाचारदाता**

जनकपुरधाम । गोपाल सेवा समिति धनुषाले सभामुख रामआशिष यादवलाई सम्मान गरेको छ।

प्रदेश सभा सदस्यबाट सभामुख पदमा चयन भएकोमा यादवलाई समितिका अध्यक्ष अंकेश्वर यादवले सम्मान गरेको हो।

आइतवार अध्यक्ष अंकेश्वर यादवले सभामुख यादवको कार्यकक्षमै पुगी दोसल्ला ओढाएर सम्मान गरेका छ्न । सो सम्मान कार्यक्रममा समितिका उपाध्यक्ष उपेन्द्र प्रसाद यादव, कोषाध्यक्ष दिगम्बर प्रसाद यादव, सदस्य, सल्लाहकार र पूर्व अध्यक्षहरुको उपस्थिति रहेको थियो।

# राष्ट्रिय प्रेस मञ्च गठन

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय प्रेस पञ्चको उपाध्यक्षमा जनकपुर टुडे पत्रिकामा कार्यरत पत्रकार प्रमोद रंगीले (प्रमोदकुमार साह) मनोयन भएका छन् ।



पत्रकार सरोज खेलाडीको अध्यक्षतामा राष्ट्रिय मुक्ति नेपाल पार्टीका शुभेच्छुक संस्था राष्ट्रिय प्रेस मञ्चको गठित केन्द्रिय कार्यसमितिका पदाधिकारीहरुको चयन गरिएको हो । मञ्चको अर्का अध्यक्षको रुपमा मनोज कुमार मिश्रलाई चयन गरिएको छ।

मधेश प्रदेशको संयोजकको जिम्मेवारी समेत पत्रकार रंगीलेलाई हालका लागि दिइएको छ। पत्रकार रंगीले दुई दशकभन्दा बढी समयदेखि पत्रकारितामा सक्रिय छन् ।

उनी काठमाडौ केन्द्रिय विभिन्न टेलिभिजन, पत्रिका र अनलाईन सहित स्थानीय पत्रपत्रिकामा संवाददातादेखि सम्पादकसम्मको जिम्मेवारीमा कार्य गरिसकेका छन् ।

करीब तीन वर्षदेखि उनी जनकपुर टुडे पत्रिकामा हाल कार्यरत छन् ।

# चिसो प्रभावितलाई कम्बल वितरण

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको बलरा नगरपालिकाकाले चिसोबाट प्रभावित ४७० गरिब तथा विपन्न समुदायका परिवारलाई कम्बल वितरण गरेका छन् ।




राष्ट्रिय रोजगार प्रवर्द्धन केन्द्र मलंगवाको सहयोग र बलरा नगरपालिकाको समन्वयमा बलरा नगरपालिका वार्ड न ४,६ र ९ का ४७० गरिब विपन्न परिवारहरुलाई नगर प्रमुख रामा शंकर प्रसाद कुश्वाहाल कम्बल वितरण गरेका हुन् ।

केही दिन यता लगातार शीतलहर चल्दा गरिब तथा अति विपन्न परिवारलाई असहज भइरहेको अवस्थामा कम्बल वितरण गरेपछि उनीहरुले राहत महसुस गरेका छन् ।

चिसोका कारण कसैले पनि अकालमै ज्यान गुमाउन नपरोस् भन्ने उदेश्यका साथ विपन्न परिवारको तथ्याङ्क संकलन गरेर न्यानो कम्बल वितरण कार्यलाई निरन्तर दिने नगर प्रमुख कुश्वाहाले बताए ।

अत्याधिक चिसो र शीतलहरका कारण दैनिक ज्यालादारी गर्नेहरु समस्यामा परेका छन् भने वृद्धवृद्धा तथा बालबालिकाहरु जोखिममा रहेका छन् । शीतलहर र चिसोका कारण प्रत्येक वर्ष तराईमा स्थानीयले कठ्याङ्ग्रिएर अकालमै ज्यान गुमाउने गरेका छन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८